जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३२३ • २०८३ साल बैशाख ९ गते बुधबार (22 April, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अवैध चिनी आयातमा सरकारको कडाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमानाका हुँदै भारतबाट चिनीलगायतका सामग्री ल्याउँदा एक सय रुपैयाँदेखि नै भन्सार बुझाउने नीति सरकारले ल्याएपछि अहिले सीमावर्ती क्षेत्रका वासीको अवस्था निकै सास्ती भोग्न बाध्य छन् ।

तर नेपाल चिनी उद्योग संघले खुला सिमानाबाट भइरहेको अनधिकृत र अनियन्त्रित चिनी पैठारीलाई रोक्न सरकारले चालेको कदमको स्वागत गरेको छ ।

नेपाल-भारतबीचको खुला सिमानाका कारण कर नतिरी भित्रिने चिनीले स्वदेशी उत्पादनको बिक्री वितरणमा गम्भीर असर पारेको संघले जनाएको छ ।

अनधिकृत आयातका कारण आन्तरिक बजारमा स्वदेशी चिनी नबिक्दा कृषकलाई भुक्तानी दिन समस्या परेको र उद्योगहरू बैंकको ऋण सीमा नाघेर रुग्ण अवस्थामा पुगेको विज्ञप्तिमा उल्लेख छ ।

सिमानामा कडाइ भएसंगै अब स्वदेशी उत्पादन समयमै बिक्री हुने र त्यसबाट कृषकको भुक्तानी तथा बैंकको साँवा-ब्याज तिर्न सहज हुने विश्वास व्यवसायीहरूले लिएका छन् ।

हाल स्वदेशमा १३ वटा चिनी उद्योग सञ्चालनमा रहेका छन् । यी उद्योगहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा करिब ६० हजार कृषक परिवार आबद्ध छन् ।

### राजश्व वृद्धि गर्ने नीति

# साउनदेखि मालपोत र नापीको सेवा नगरपालिकाबाटै हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । नापी कार्यालय र मालपोत कार्यालयको कामकारबाही आगामी साउन १ गतेदेखि नगरपालिकाबाट नै हुने भएको छ ।

संघीय सरकारले ७५३ स्थानीय तहमध्ये महानगर, उपमहानगर र नगरपालिका गरी २९२ स्थानीय तहबाट साउन १ गतेदेखि नापी र मालपोतको सेवा शुरु हुन लागेको छ ।

यसका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव तथा प्रवक्ता गणेशप्रसाद भट्टको नेतृत्वमा चैत ३० मा गठित ९ सदस्यीय अध्ययन समितिले आन्तरिक रुपमा कामकारबाही अघि बढाएको छ । उक्त समितिले नापी र मालपोतसंग सम्बन्धित कुन-कुन सेवा नगरपालिकामा दिने भनेर अध्ययन गरेको छ ।

सहसचिव भट्ट नेतृत्वको समितिलाई वैशाख ७ गतेसम्म प्रतिवेदन तयार पार्न कार्यादेश थियो । डेटा विश्लेषण गरेर वैशाख ९ गतेसम्म प्रतिवेदन तयार गर्न भट्ट समिति अन्तिम गृहकार्यमा छ । समितिले तयार पारेको प्रतिवेदनमाथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सिनियर म्यानेजमेन्ट टिम (एसएमटी)मा थप छलफल हुने छ ।

मन्त्रालयले यही वैशाख १५ गतेभित्र उक्त प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बुझाउने भएको छ ।




नापी र मालपोतमा हुने सबै काम नगरपालिकामा पठाइने उनले बताए । जग्गा कित्ताकाट, अंशबण्डा, रोक्का राख्ने, फुकुवा गर्ने लगायत काम नगरपालिकाबाट हुने छ । मोही बाडफाँट र नयाँ दर्ताको काम भने जिल्लाबाटै हुने छ । ती सदस्यका अनुसार मोही बाडफाँट र नयाँ दर्ताको काम नगरपालिकामा दिन कानुनी रूपमा नमिल्ने अवस्था छ । भट्ट समितिले भूमि व्यवस्था सम्बन्धी कानुन संशोधनको प्रस्ताव पनि गर्नेछ ।

'मालपोत कार्यालय स्थानीय तहमा स्थापना हुने कार्यालय हो भनेर ऐनमा राख्न लागिएको छ । नापी र मालपोतको काम स्थानीय तहमा लैजान अहिले कानुनमा बाधा छैन,' उनले भने । नापी र मालपोत सम्बन्धी एकीकृत कानुन बनाउन लागिएको छ। नयाँ कानुनले स्थानीय, प्रदेश र संघ सरकारको जिम्मेवारी स्पष्ट रूपमा बाँडफाँट गर्ने छ ।

मालपोत र नापीको काम नगरपालिकामा पठाउँदा सम्बन्धित पालिकाकै जनशक्तिबाट काम गराउने गरी सरकारले तयारी थालेको छ । पालिकाका कर्मचारीलाई तालिम दिएर मालपोत र नापीको काम गराउन सकिने भट्ट समितिको रिपोर्टमा प्रस्ताव गरिने छ ।

ती सदस्यका अनुसार स्थानीय तहबाट

> जग्गा कित्ताकाट, अंशबण्डा, रोक्का राख्ने, फुकुवा गर्ने लगायत काम नगरपालिकाबाट हुने छ । मोही बाडफाँट र नयाँ दर्ताको काम भने जिल्लाबाटै हुने छ ।

जनशक्ति माग भए मन्त्रालयले केही कर्मचारी पठाउने छ ।

मन्त्रालयमा भूमि व्यवस्थापन तथा अभिलेख विभागअन्तर्गत २१ वटा, भूमिसुधार तथा मालपोत कार्यालयअन्तर्गत ११० वटा, मालपोत कार्यालय तथा नापी विभागअन्तर्गत १३१ वटा नापी कार्यालय र ७ वटा विशेष नापी कार्यालय छन् । नगरपालिकाबाटै नापी र मालपोत काम हुँदा हालका जिल्लामा रहेका कार्यालय केही समय यथावत रहने छन् ।

नागरिकलाई आफ्नो घरनजिकबाट सेवा दिन नगरपालिकामा नापी र मालपोत सेवा पठाउन लागिएको छ । मन्त्रालयका अनुसार नगरपालिकाबाट सेवा सुरु हुँदा सेवाग्राहीले सदरमुकाम धाउनुपर्ने छैन ।

आफ्ना जनप्रतिनिधि (वडाध्यक्ष, मेयर-उपमेयर) को समन्वयमा काम गराउन नागरिकलाई सहज हुने मन्त्रालयको बुझाइ छ। नगरपालिकामा पुऱ्याउँदा चाप कम र गुणस्तरीय सेवा प्राप्त हुनेछ ।

दुई वटा प्रणालीलाई एकआपसमा जोड्न 'एपीआई' बनाउने काम पनि सँगसँगै भइरहेको छ । नापीतर्फ नेपाल ल्यान्ड इन्फर्मेसन सिस्टम छ भने मालपोततर्फ ल्यान्ड रेकर्ड इन्फर्मेसन म्यानेजमेन्ट सिस्टम छ । उक्त दुई सिस्टमबीच कम्युनिकेसन च्यानल छैन। दुई सिस्टमको पुल (एपीआई) बनाउने काम थालिएको छ ।

मन्त्री प्रतिभा रावलका स्वकीय सचिव अभिषेक श्रेष्ठले नापी र मालपोतको काम डिजिटाइज गर्ने काम गरिरहेका छन् ।

सरकारले जारी गरेको शासकीय सुधार कार्यसूचीको दोस्रो बुँदामा सरकारलाई परिणाममुखी र जवाफदेही बनाइने विषय उल्लेख छ । त्यसअन्तर्गत नगरपालिका तहबाट आगामी आर्थिक वर्षदेखि नापी र मालपोतको सेवा दिने गरी मन्त्रालयले काम गरिरहेको छ ।

मन्त्रालयले जनाए अनुसार नापी र मालपोतको सेवा आफ्नो ठाउँमा आउँदा नगरपालिकाको राजस्व वृद्धि हुनेछ । नागरिकले नगरपालिकाबाट सेवा लिन थालेपछि जग्गा विवाद पनि कम हुने मन्त्रालयले दाबी गरेको छ ।

स्थानीय जनप्रतिनिधिलाई आफ्नो पालिकाभित्रको जग्गाको मूल्य थाहा हुने र यथार्थ थैली मूल्यांकन हुने ती कर्मचारीको बुझाइ छ ।

## राजीनामाको दबाब बढिरहँदा पक्राउ गर्ने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । गृहमन्त्री सुधन गुरुङको राजीनामा दिनुपर्ने भन्दै चर्को आवाज उठिरहँदा उनले आफूमाथि लागेको मुद्दालाई नै ओझेल पार्ने दाउमा छन् ।

काठमाण्डुमा दिनभरि विद्यार्थी संगठनलगायतकाले दीपक भट्टसंग लाखौं रुपैयाँको कारोबार गलत तरिकाले गरेको र सम्पत्ति विवरणमा उल्लेख नगरेको भन्दै अनियमितताको आरोप लगाउँदै गृहमन्त्री गुरुङको राजीनामा मागेका छन् । सो क्रममा नेपाली विद्यार्थी संघका चारजना नेतालाई प्रहरीले पक्राउ गरेको छ ।

सोही क्रममा मन्त्रिपरिषद्को बैठकमा पनि गृहमन्त्री गुरुङ विवादित बनेको भन्दै राजीनामा दिन दबाब उठेको थियो ।



तर गृहमन्त्री गुरुङले राजीनामा दिनुपर्ने ठाउँमा नाटकीय रुपले उच्च तहका व्यक्ति संलग्न भ्रष्टाचारका फाइल खोल्ने विषयमा उच्च सुरक्षा अधिकारीहरूसंग छलफल गरेका छन् ।

गृहमन्त्री गुरुङले प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्की र काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सीडीओ) ईश्वरराज पौडेललगायत सुरक्षा अधिकारीसिंग मन्त्रालयमा छलफल गरेका थिए ।

स्रोतका अनुसार केही प्रकरणका फाइलहरू खोल्ने र उच्च तहका व्यक्तिहरूलाई पक्राउ गर्ने तयारीबारे बैठकमा छलफल भएको बताइएको छ ।

ठूला र हाई प्रोफाइल संलग्न रहेका भ्रष्टाचार तथा अपराधका फाइल खोल्ने विषयमा छलफल केन्द्रित रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । तर नाम भने सार्वजनिक गरिएको छैन ।

## सोमबारदेखि १४.२ किलोकै ग्यास सिलिन्डर पाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । बजारमा देखिएको एलपीजी ग्यास अभाव टार्न सरकारले ल्याएको 'आधा सिलिन्डर' नीति ग्यास व्यवसायीले नमान्ने घोषणा गर्दै सोमबारदेखि १४.२ किलोकै ग्यास सिलिन्डर पाइने भएको छ ।

ग्यास व्यवसायीले सरकारको औपचारिक निर्णय नपर्खी आगामी सोमबारदेखि उपभोक्तालाई पूरा तौलकै ग्यास सिलिन्डर बिक्री गर्ने घोषणा गरेका छन् ।

ग्यास विक्रेता महासंघ र नेपाल एलपी ग्यास उद्योग संघबीच मंगलबार भएको संयुक्त बैठकबाट सोमबारदेखि पूरा ग्यास बिक्री वितरण गर्ने निर्णय गरेको ग्यास विक्रेता महासंघ अध्यक्ष ज्ञानेश्वर अर्यालले जानकारी दिए ।

अध्यक्ष अर्यालले जनाए अनुसार डिजेल मूल्यमा भएको अप्रत्याशित वृद्धिका कारण ढुवानी खर्च धान्न नसकिने अवस्था आएपछि व्यवसायीहरू यो कदम चाल्न बाध्य भएका छन् । अध्यक्ष अर्यालले सरकारले यसअघि आधा सिलिन्डर (७.१ किलो) मात्रै भर्ने निर्णय गरे पनि त्यसले व्यवसायी र उपभोक्ता दुवैलाई मार परेको बताएका छन् ।

उनले भने, 'हामीले सोमबारदेखि १४.२ किलोकै ग्यास बेच्ने सर्वसम्मत निर्णय गरेका छौं,' उनले अनलाइनखबरसँग भने, 'यदि सरकारले डिजेलको ढुवानी खर्च उपलब्ध नगराए हामी कारोबार नै गर्न नसक्ने अवस्थामा पुग्छौं, यसबारे भोलि सरकारलाई औपचारिक जानकारी दिनेछौं ।'

अध्यक्ष अर्यालले नेपाल आयल निगमको अदूरदर्शी नीतिका कारण आगामी दुई महिनाभित्र नेपालमा ग्यासको चरम अभाव हुन सक्ने चेतावनी समेत दिएका छन् ।

नेपाल एलपी ग्यास उद्योग संघले जनाए अनुसार अहिले उद्योगका सबै बुलेट ग्यासले भरिभराउ छन् र बजारमा पूर्णक्षमताको सिलिन्डर पठाउन कुनै समस्या छैन ।



आधा सिलिन्डर मात्र बेच्न पाइने नियमले गर्दा मौज्दात (स्टक) मा रहेको ग्याससमेत बिक्री गर्न कठिन भइरहेको उद्योगीको भनाइ छ ।

आधा तौलका धेरै सिलिन्डर उपभोक्ताको घरमा थन्किएपछि भारतबाट आएका ग्यास बुलेट उद्योगमा अनलोड हुन नसकेको उद्योगीले बताउँदै आएका छन् ।

हाल ७.१ किलोका सिलिन्डर मात्रै बजार पठाउँदा र ग्यासका बुलेट समयमै अनलोड नगर्दा सबै बुलेट जाम भएर बसेका छन् ।

'अहिलेको अवस्थामा सबै बुलेट होल्ड गराएर राखिएको छ, नेपाल आयल निगमले कानमा तेल हालेर बस्ने हो भने दुई महिनापछि नेपालमा ग्यासको हाहाकार हुने पक्का छ,' अर्यालले थपे ।

व्यवसायीहरूले यसअघि नै सरकारसंग सम्बन्धित व्यक्तिहरूसंग पटक-पटक छलफल र अन्तर्क्रिया गरे पनि सरकारले कुनै सकारात्मक पहल नगरेको गुनासो गरेका छन् ।उनले सरकार निकट व्यक्तिहरूलाई डिजेलको मूल्य नबढाउन विभिन्न सुझाव दिए पनि चासो नदेखाएको आरोप लगाएका छन् ।

आफ्नो व्यावसायिक अस्तित्व जोगाउन र आपूर्ति व्यवस्था सहज बनाउन व्यवसायीहरूले आफैं यो निर्णय लिनुपरेको उनीहरूको तर्क छ ।

अध्यक्ष अर्यालले दक्षिण एसियाली मुलुकहरू भारत, भुटान र माल्दिभ्सको उदाहरण दिँदै ती देशले आफ्नो आर्थिक अवस्था स्थिर राख्न डिजेलको मूल्य वृद्धि नगरेको बताए ।

उनले भने, 'छिमेकी देशले आर्थिक स्थिरताका लागि मूल्य नबढाई प्रयत्न गरिरहँदा नेपाल सरकारले भने कुनै ठोस प्रयास गरेन ।'

डिजेल मूल्यवृद्धिका कारण ढुवानी र अन्य खर्च बढेकाले अब व्यवसायीले घाटा सहेर ग्यास कारोबार गर्न नसक्ने अडान लिएका छन् ।

आयल निगमले बजारमा ग्यास अभाव नभए पनि भविष्यमा आउन सक्ने संकट मध्यनजर गर्दै सावधानी अपनाउनु परेको जिकिर गर्दै आएको छ ।



# कारागारबाट २२ कैदी पक्राउ

**टुडे समाचारदाता**

लहान। सिराहा कारागारबाट २२ जना कैदी पक्राउ परेको छ । कारागारभित्र आन्तरिक प्रशासन कब्जा गर्ने प्रयास गरेको आरोपमा २२ जना



कैदीलाई प्रहरीले मंगलवार बिहान नियन्त्रणमा लिइएको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता रमेशबहादुर पालले दुई दिनअघि कारागारका चौकीदार प्रेम चौधरीलाई जबर्जस्ती बाहिर निकाल्दै केही कैदीले आन्तरिक व्यवस्थापन आफ्नो नियन्त्रणमा लिन खोजेपछि तिनीहरुलाई नियन्त्रणमा लिइएको बताएका छन्।

उक्त घटनापछि सम्भावित थप झडप र असुरक्षा सिर्जना हुन सक्ने भन्दै २२ जना कैदीलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको डिएसपी पालले बताए । उनका अनुसार नियन्त्रणमा लिइएका कैदीहरूबारे आवश्यक कानुनी प्रक्रिया र प्रशासनिक निर्णय सम्बन्धित निकायको निर्देशनअनुसार अघि बढाइनेछ।

सिराहा कारागारमा यसअघि पनि पटक-पटक विवाद, कुटपिट तथा आन्तरिक झडपका घटना हुँदै आएका छन्। कैदीबिचको गुटबन्दी, व्यवस्थापनमा कमजोरी र कारागार सुरक्षामा खटिएका सुरक्षाकर्मीको मिलेमतोकै कारण बारम्बार तनाव उत्पन्न हुने गरेको छ।

यसअघि माघ २६ मा संयुक्त सुरक्षा निकायले कारागारभित्र सर्च गर्दा कट्टुवा पेस्तोल र दुई राउन्ड गोली फेला परेको थियो। सो कट्टुवा तात्कालिक चौकीदार भन्दै आन्तरिक प्रशासनमा बलियो पकड बनाएका इन्द्रजित यादवले राखेका थिए।

सर्च अप्रेसनकै क्रममा सेनासहितको सुरक्षाकर्मीको संयुक्त टोलीले यादवसहित १३ जनालाई नियन्त्रणमा लिएको थियो । उनीहरूलाई अन्य कारागारमा सारिएको छ । इन्द्रजितलाई कारागारबाट नियन्त्रणमा लिएपछि कैदीबन्दीले दुई दिनसम्म विरोध प्रदर्शन गरेका थिए।

# विद्यालयमा तालाबन्दी



**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक पारदर्शिताको माग गर्दै धनुषाको औरही गाउँपालिका-६ स्थित शंकर जनता माध्यमिक विद्यालयमा स्थानीयले तालाबन्दी गरेका छन्।

विद्यालयको आयव्यय विवरण सार्वजनिक गर्न बोलाइएको भेलामा विवाद चर्किएपछि आक्रोशित स्थानीयले मंगलबार विद्यालय ठप्प पारेका हुन्।

स्थानीय दिपेन्द्र सहनीले विद्यालय भवन निर्माण, ल्यापटप खरिद, पोखरीको १८ लाख वार्षिक आम्दानी र जग्गाको भाडामा व्यापक अनियमितता भएको आरोप लगाएका थिए । उनले यसबारे अख्तियारमा ७ वटा मुद्दा समेत दर्ता रहेको दाबी समेत गरेका छन्।

उता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिष्णुदेव दासले भने आफू विवरण दिन तयार रहेको र विरोधी पक्षले अनावश्यक विवाद गरेको बताएका छन् । वर्तमान र पूर्व प्रधानाध्यापकले पनि अनियमितताको आरोप अस्वीकार गरेका छन् । अहिलेको गतिरोध अन्त्य गरी समस्या समाधानका लागि आगामी शुक्रबार सर्वदलीय बैठक बोलाइएको छ।

# सप्तरीका एसपी केसीमाथि छानबिन शुरु

**टुडे समाचारदाता**

राजविराज । नेपाल प्रहरी अन्तर्गत सप्तरी जिल्लाको नेतृत्व सम्हालिरहेका जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गौतम केसीमाथि छानबिन प्रक्रिया अघि बढाइएको छ।

सार्वजनिक भएको एक फोन संवादपछि उत्पन्न विवादलाई मध्यनजर गर्दै मधेश प्रदेश प्रहरी कार्यालयले उच्चस्तरीय छानबिन समिति गठन गरेको हो।

प्रहरी स्रोतका अनुसार उक्त समितिको नेतृत्व वरिष्ठ प्रहरी उपरीक्षक कमल थापाले गरिरहेका छन्।

समिति गठनसँगै प्रारम्भिक अनुसन्धान कार्य सुरु भइसकेको छ भने सम्बन्धित पक्षसँग सोधपुछ प्रक्रिया पनि अघि बढाइएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक अबि नारायण काफ्लेले घटनाको पुष्टि गर्दै छानबिन निष्पक्ष र तथ्यपरक हुने बताएका छन्।

उनका अनुसार सार्वजनिक भएको फोन संवादमा एक सेवाग्राहीले प्रहरी कार्यालयमा उजुरी दर्ता गर्न कठिनाइ भएको गुनासो गरेको सुनिन्छ । यसले संस्थागत उत्तरदायित्वमाथि प्रश्न



उठाएको छ।

फोन संवादमा ती व्यक्तिले प्रहरी कार्यालयले उजुरी लिन आनाकानी गरेको, आवश्यक सहजीकरण नपाएको तथा प्रक्रियागत झन्झटका कारण पीडित पक्ष थप समस्यामा परेको गुनासो व्यक्त गरेको उल्लेख छ।

उक्त अडियो सार्वजनिक भएसँगै सामाजिक सञ्जाल तथा सार्वजनिक वृत्तमा व्यापक चर्चा सुरु भएको थियो।

प्रहरी प्रशासनले भने यस्तो घटनाले संगठनको छवि र जनविश्वासमा असर पार्न सक्ने भन्दै छानबिनलाई प्राथमिकतामा राखेको जनाएको छ।

'प्रहरी सेवा जनताको सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो, त्यसैले कुनै पनि कमजोरी भए त्यसलाई सुधार्न हामी प्रतिबद्ध छौं,' प्रवक्ता काफ्लेले भने।

छानबिन समितिले घटनाको सम्पूर्ण पृष्ठभूमि, अडियोको प्रामाणिकता, सेवाग्राहीको गुनासोको वास्तविकता तथा सम्बन्धित अधिकारीको भूमिकाबारे विस्तृत अध्ययन गर्ने बताइएको छ।

समितिले आफ्नो प्रतिवेदन तयार पारेर प्रदेश प्रहरी कार्यालयमार्फत केन्द्रीय कार्यालयमा पेश गर्नेछ।

यस घटनाले पुनः एकपटक प्रहरी प्रशासनभित्र सेवाग्राहीमैत्री व्यवहार, पारदर्शिता र उत्तरदायित्वको आवश्यकता औंल्याएको छ। यदि आरोप पुष्टि भएमा सम्बन्धित अधिकारीमाथि विभागीय कारबाही हुन सक्ने संकेतसमेत प्रहरी स्रोतले दिएको छ।

# आगलागीबाट दुई जनाको मृत्यु

उदयपुर । उदयपुरको चौदण्डी गढी नगरपालिका-७ बेल्टार बजारमा आगलागी हुँदा दुई जनाको मृत्यु भएको छ।

बेल्टार बजारस्थित लक्ष्मीनाराण खड्काका घरमा आज विहान लागेको आगलागीबाट ७० वर्षीय लक्ष्मीनारायण खड्का र ३० वर्षीय पवन खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निरञ्जन थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार आगलागीबाट लक्ष्मीनाराणका छिमेकी रवीन दास र अर्का सकल देवको घरमा समेत क्षति भएको प्रहरीले जनाएको छ। आगलागी नियन्त्रण गर्नका लागि छिमेकी त्रियुगा र चौदण्डी गढी नगरपालिकाका दमकल र प्रहरी तथा स्थानीय जनताको सहभागिता रहेको थियो। आगलागी विद्युत् चुहावट भएर हो वा अन्य कारणले हो भन्ने कुरा अझै खुल्न बाँकी रहेको जनाइएको छ। आगलागीका कारण रु ६६ लाख बराबरको भौतिक क्षति भएका प्रहरीले बताएको छ।

यसैबीच, उदयपुको बेलका नगरपालिका-३ सातपत्रेमा गए राति जन्ती बोकेको बसले मोटरसाइकलमा ठक्कर दिँदा घटनास्थलमा नै एक युवकको मृत्यु भएको छ।

मृत्यु हुने युवा बेलका-३ सातपत्रेका २७ वर्षीय रोमन बस्नेत रहेका छन्। प्रदेश १-०२-०४५ प ८४४६ नम्बरको मोटरसाइकलमा सातपत्रेबाट रामपुर बजारतिर जाँदै गरेको बस्नेतलाई सातपत्रे नजिकै चौदण्डी गढी नगरपालिकाको माणिबासबाट बेलकातर्फ फर्कँदै गरेको प्रदेश १-००२ ख ०१५८ नम्बरको बसले ठक्कर दिँदा बस्नेतको घटनास्थलमानै मृत्यु भएको प्रहरीले जनाएको छ। रासस

# गाँजासहित चार पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रतिबन्धित लागूऔषध गाँजासहित पर्सा प्रहरीले चार जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पैदल सीमा पार गर्दै गरेका चार जनालाई प्रहरी चौकी नियमित चेकिङ टोलीले शंकाको आधारमा जाँच गर्दा तिनीहरुको साथबाट गाँजा बरामद भएको थियो।

पक्राउ पर्नेहरूमा भारतको बिहार राज्य, पश्चिम चम्पारण जिल्ला वेतियाका ३५ वर्षीय सफि अहम्द, मझमलियाका ३३ वर्षीय विनय ठाकुर, नौराङावादका ३० वर्षीय मुकिम मियाँ र मिनाबजारका २८ वर्षीय महम्द एकवाल रहेको



जिप्रका पर्साले जनाएको छ।

उनीहरूले गाँजालाई रातो प्लास्टिकमा पोको पारेर खैरो डोरीले बेरी पेट र छातीको भागमा लुकाई छिपाइ वीरगञ्जबाट भारतको रक्सौलतर्फ लैजाँदै गरेको अवस्थामा वीरगञ्ज महानगरपालिका-१६ स्थित शङ्कराचार्य गेटबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) हरि बहादुर बस्नेतका अनुसार बरामद गाँजाको तौल ६ किलो १८ ग्राम रहेको छ। नियन्त्रणमा लिइएका चारै जनामाथि लागूऔषध सम्बन्धी कसुरमा थप कानुनी प्रक्रिया अघि बढाइएको र घटनाबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# विवाह रोकिएको भन्दै बुवाको गुहार

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गुजरा नगरपालिका-४ कनकपुरका अपाङ्ग तथा आर्थिक रूपमा कमजोर खुर्सेद भइसकेको अवस्थामा स्थानीय जोगौलिया स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी सैफुल्लाह देवानले विभिन्न आरोप लगाउँदै विवाह रोक्न भूमिका खेलेका



देवान छोरीको विवाह रोकिएको घटनापछि न्यायको खोजीमा पुगेका छन्।

आयोजित पत्रकार सम्मेलनमार्फत उनले छोरीको विवाह अन्तिम तयारीमै रोकिएको र त्यसले आफूलाई गम्भीर मानसिक पीडा दिएको बताएका हुन्।

देवानका अनुसार विवाहका सम्पूर्ण तयारी पूरा छन्। "छोरीलाई विदाइ गर्न पाए जीवनको ठूलो बोझ हल्का हुन्थ्यो," उनले भावुक हुँदै भने, "तर विवाह नै भाँडिएपछि ठूलो अन्याय महसुस भएको छ।"

कमजोर आर्थिक अवस्थाका कारण गाउँमै चन्दा संकलन गरेर विवाहको तयारी गरिएको उनले जानकारी दिए । तर, विवाह रोकिएसँगै विवाद चर्किँदा आफ्नो परिवारमाथि कुटपिटसमेत भएको उनको आरोप छ।

पीडित देवानले स्थानीय जनप्रतिनिधि तथा राजनीतिक व्यक्तिहरूसमक्ष समस्या राख्दा पनि कुनै सुनुवाइ नभएको गुनासो गरेका छन् । "म अपाङ्ग छु, आर्थिक अवस्था पनि कमजोर छ। प्रभावशाली व्यक्तिको दबाबका कारण न्याय पाउन कठिन भइरहेको छ," उनले भने, "सम्बन्धित निकायले निष्पक्ष छानबिन गरी न्याय दिलाउनुपर्छ।"

यो घटनाले ग्रामीण क्षेत्रमा कमजोर वर्गको न्यायमा पहुँच अझै चुनौतीपूर्ण रहेको देखाएको छ। विशेषगरी विवाहजस्तो संवेदनशील विषयमा हस्तक्षेप भई विवाद हिंसामा परिणत हुनु स्थानीय प्रशासनका लागि गम्भीर चिन्ताको विषय बनेको छ । घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही र पीडितलाई न्याय दिलाउनेतर्फ सम्बन्धित निकायको ध्यान जान आवश्यक देखिएको छ।


# लहानमा 'स्नेह वृद्धाश्रम' बन्दै

सिरहा । यहाँको लहान नगरपालिका-२४ स्थित गोविन्दपुरमा स्नेह वृद्धाश्रम निर्माण सुरु भएको छ।

सोमबार धार्मिक विधिपूर्वक भूमिपूजा गरी सुरु गरिएको यो आयोजना लहानको मुख्य बजारदेखि करिब आठ किलोमिटर उत्तर-पश्चिम, धार्मिक पर्यटकीयस्थल मानिकदह जाने बाटोमा पर्ने सरे खोलाको दक्षिणी किनारमा रहेको १० कट्ठा जग्गामा निर्माण भइरहेको हो।

वृद्धाश्रम निर्माणस्थलको करिब ३०० मिटर पश्चिमतर्फ कृष्ण मन्दिर निर्माणकार्य पनि अगाडि बढिरहेको छ। मन्दिर र वृद्धाश्रमको बीचमा पोखरी निर्माण गरी त्यसमा गोल (जाइठ) राख्ने पूजासमेत सम्पन्न गरिएको छ। भूमिपूजा कार्यक्रममा लहान नगरप्रमुख महेशप्रसाद चौधरी, वडा नं २४ का वडाध्यक्ष रासलाल राय, तथा महिला मानवअधिकारकर्मी रीता महतोको सहभागिता रहेको थियो।

वृद्धाश्रम निर्माणका लागि लहान नगरपालिकाले १० कट्ठा जग्गा उपलब्ध गराएको छ भने चालु



आर्थिक वर्षमा भौतिक पूर्वाधार कार्यालयमार्फत रु २५ लाख बजेट विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिनुभयो। थप बजेटका लागि नगरपालिकाले व्यवस्थापन गर्ने उहाँले बताउनुभयो।

वडाध्यक्ष रायले विकासका गतिविधि तीव्र रूपमा अघि बढिरहेको उल्लेख गर्दै भन्नुभयो, "यस वडामा सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य, शिक्षा तथा धार्मिक पर्यटकीय क्षेत्र मानिकदहको विकासलाई प्राथमिकतामा राखेर काम भइरहेको छ । स्थानीयको आवश्यकता र चाहनाअनुसार पूर्वाधार निर्माणलाई निरन्तरता दिएका छौं, जसले समग्र वडाको विकासलाई गति दिएको छ।"

उक्त क्षेत्रमा स्थानीय कृषकको मागअनुसार हाटबजार सञ्चालनको तयारीसमेत गरिएको वडाध्यक्ष रायले जानकारी दिनुभयो । मन्दिर निर्माण समितिका अध्यक्ष वालेश्वर राउत कुर्मीका अनुसार, केही दिनअघि सम्पन्न श्रीमद् भागवत सप्ताह विष्णु महायज्ञपछि सो क्षेत्रको नाम 'पुलचोक' राखिएको छ, जसले उक्त स्थानलाई धार्मिक तथा सामाजिक रूपमा थप पहिचान दिलाउने अपेक्षा गरिएको छ। रासस

# मधेशमा तापक्रम ३९ डिग्री सेल्सियस

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामलगायत मधेश प्रदेशमा मंगलबार अत्यधिक गर्मी बढेको छ। प्रदेशभरमै सबैभन्दा बढी तापक्रम यो समाचार तयार पार्दासम्म जनकपुरधाममा मापन भएको छ। जसअनुसार जनकपुरको तापक्रम अहिले ३८ डिग्री पुगेको छ भने वीरगञ्जमा ३९ डिग्री सेल्सियस पुगेर जनजीवन अत्यधिक प्रभावित भएको जल तथा मौसम विज्ञान विभाग कार्यालय जनकपुरका प्रमुख राजिव झाले जानकारी दिए।

उनका अनुसार चर्को गर्मीसँगै तातो हावा चलेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनाएको छ भने विशेषगरी बालबालिका, वृद्धवृद्धा, मजदुर र साना व्यवसायीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन्।

यस्तै, गर्मीको प्रत्यक्ष असर श्रमिक, मजदुर र साना सडक व्यवसायीहरूमा परेको छ। गर्मी अत्यधिक बढेर तातो हावा चलेसँगै दिनभर काम गर्न असहज भएको र ग्राहकहरूको चहलपहल पनि कम हुँदा उनीहरूको आम्दानीमा पनि असर परेको छ। सडक किनारमा ठेला वा पसल राख्ने व्यवसायीहरू दिउँसोको चर्को घाममा बस्न नसक्ने अवस्थामा छन्।

जल तथा मौसम विज्ञान विभागका अनुसार तराई क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने सम्भावना छ। यसले गर्दा तातो हावा (लु) चल्ने क्रम पनि जारी रहनेछ।

स्वास्थ्यकर्मीहरूले गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन्। पर्याप्त मात्रामा पानी पिउने, झोलिलो पदार्थ सेवन गर्ने, दिउँसो घरबाहिर ननिस्कने, हल्का र खुकुलो कपडा लगाउने जस्ता उपायहरू अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन्। विशेषगरी बालबालिका, वृद्धवृद्धा र दीर्घ रोगीहरूलाई गर्मीको प्रत्यक्ष प्रभावबाट बचाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ।

# डिजेलसहित मोटरसाइकल बरामद

**टुडे समाचारदाता**

रौतहट। रौतहट प्रहरीले भन्सार छली गरी नेपालतर्फ ल्याइँदै गरेको डिजेल प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार प्रहरी चौकी जयनगरबाट खटिएको चेकिङ टोलीले ईशनाथ नगरपालिका-५ क्षेत्रमा सवारी साधन जाँच गर्ने क्रममा भारतबाट अवैध रूपमा ल्याइएको डिजेल बरामद गरेको हो।

प्रहरीले चार वटा जर्किनमा राखिएको करिब १०० लिटर डिजेल (अन्दाजी मूल्य २३ हजार ४ सय रुपैयाँ) र विआर ०६ बिजी २२५० नम्बरको मोटरसाइकल (अन्दाजी मूल्य ५० हजार रुपैयाँ) नियन्त्रणमा लिएको



जिल्ला प्रहरी प्रवक्ता डिएसपी बिष्णु प्रदीप बस्यालले जनाएको छ।

बरामद गरिएको डिजेल र मोटरसाइकलसहित कुल ७३ हजार ४ सय रुपैयाँ बराबरको अवैध सामग्री आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको प्रहरीले जनाएको छ।

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | मन प्रसन्न रहनेछ, काममा रुचि हुनेछैन। |
| वृष : | स्वास्थ्यस्थितिमा कमजोरी देखिए पनि आनन्द र तिर्सनामा वृद्धि हुने दिन हो। |
| मिथुन : | बुद्धिको सही प्रयोग गर्न सके आफ्नो साख र इज्जत जोगाउन सकिनेछ। |
| कर्कट : | महत्वपूर्ण निर्णय लिनुअघि अनुभवी व्यक्तिको सल्लाह लिएर अघि बढ्नु होला। |
| सिंह : | बहु प्रतीक्षित आकाक्षाले पूर्णता पाउने समय हो। |
| कन्या : | कार्यक्षमताको प्रदर्शन गर्दै धन, मन र प्रतिष्ठा कमाउने समय हो। |
| तुला : | अवसरको खोजी गर्ने दिन हो। |
| वृश्चिक : | विशिष्ट व्यक्तित्व वा विद्वान गुरुसित मित्रता र भेटघाट हुने समय हो। |
| धनु : | आम्दानीको स्रोतमा बढोत्तरी हुने दिन हो। |
| मकर : | इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। |
| कुम्भः | नयाँ काममा हात हाल्दै हुनुहुन्छ भने यसले सकारात्मक गति समात्नेछ। |
| मीनः | सहयोगको भावना पलाउने दिन हो। भविष्यको चिन्ताले सताउने समय हो। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नेपालगञ्जमा १०८ फिटको हनुमान मूर्ति निर्माण अन्तिम चरणमा



नेपालगञ्ज । नेपालगञ्ज उमहानगरपालिका- २ स्थित हनुमानगढीमा १०८ फिट अग्लो हनुमानको मूर्ति निर्माण जारी छ।

सो मूर्तिको लागत रु १४ करोड ४ लाख ६३ हजार रहेको उपमहानगरपालिकाका इन्जिनियर सुरज शर्माले जानकारी दिनुभयो । यसका पहिलोपटक २०७९ चैत ३ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सुरुआताको अवधि २०८१ चैत २ गतेसम्म रहेकामा अहिले समयावधि थपेर २०८३ असोज ३० गतेसम्म लम्ब्याइएको छ।

मूर्ति निर्माण गर्ने कालीगढ दिलवीर सुनार सेन्चुरीले हनुमान मन्दिरको निर्माण ९० प्रतिशत सम्पन्न भइसकेको उल्लेख गर्नुभयो। अबको डेढ महिनामा मूर्ति हस्तान्तरण गर्ने उहाँको भनाइ छ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले भारतको अयोध्यामा अत्याधुनिक राम मन्दिर बनेपछि राम र हनुमानको सम्बन्धलाई एकाकार गर्दै अयोध्यासँग नेपालगन्जलाई जोडने उद्देश्यका साथ हनुमानको मूर्ति निर्माण भइरहेको जानकारी दिनुभयो । यसले नेपालगञ्जको धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने नगर प्रमुख विष्टको विश्वास छ। उहाँले अयोध्यासँगको जोड्ने सके धार्मिक पर्यटनमा टेवा पुग्ने उल्लेख गर्नुभयो । "यसले नगरको धार्मिक र सांस्कृतिक महत्वलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ"। नगरप्रमुख विष्टले भन्नुभयो।

हनुमानगढीका थानापति महन्थ उमेश गिरीले यस पवित्र स्थानमा भौतिक संरचनाको विकास भएकोमा खुसी व्यक्त गर्दै त्रेता युगमा श्रीराम हनुमानजीको अनन्य भक्त भएर अधर्मको नाश गरेको बताउनुभयो । "त्यस युगमा अधर्मको नास गर्न हनुमानजीले एउटा चमत्कार नै गर्नुभएको छ, त्यसैले यसको महत्व अहिले पनि वढदै गएको छ", उहाँले भन्नुभयो।

ऋषिमुनिको आगमनपछि पाँच करोड गायत्री मन्त्रको जप भएको स्थानका रूपमा रहेकाले हनुमानगढीको महिमा झन बढेको महन्त गिरीको भनाइ छ। हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समितिका सचिव विश्वराज तिवारीले धार्मिक क्षेत्रमा हनुमानगढीको गरिमा बढ्दै जाँदा यसले धार्मिक पर्यटनमा टेवा पुगेको उल्लेख गरे । नेपालगञ्ज उपमहानगरपालिकाले निर्माण गरेको १०८ फिट अग्लो हनुमानको सो मूर्तिको फाउन्डेसन र प्लेटफर्मको काम सकिएपछि अहिले धमाधम मूर्ति निर्माणको काम भइरहेको छ । यस स्थानमा बर्सेनि हनुमान जयन्तीमा उत्सव हुने गर्छ। रासस

# विपद्का बेला मानवीय उद्धारको नेतृत्व गर्दै सशस्त्र प्रहरी

काठमाण्डु । गोरखाको सहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापालाई कुनै विपद् पर्ने बित्तिकै सशस्त्र प्रहरी बलकै सम्झना आउँछ। आपत् पऱ्यो कि सशस्त्रलाई सम्झने उहाँको बानी नै परिसक्यो । उहाँले भन्नुभयो, "प्राकृतिक वा मानवजन्य विपद्मा मानवीय उद्धारमा झवाट्ट सम्झने एउटै नाम सशस्त्र प्रहरी बल हो। यो सङ्गठनले मानवीय उद्धारमा गरेको कामकै कारण मैले सम्झिने गरेको हो ।"



रमेशबाबु मात्रै होइनन्, पछिल्लो समय विपद्का बेला मानवीय उद्धार गर्नुपरेमा अधिकांशले सशस्त्र प्रहरीलाई नै सम्झिने गरेका छन् । देशमा शान्ति सुरक्षा र अमनचयनसँगै बाढीपहिरो, डुबान, भूकम्प, दुर्घटना र आगलागीजस्ता प्राकृतिक तथा दैवीप्रकोप जोखिमका बेला नागरिकको उद्धारमा सशस्त्र प्रहरी बल नेपाल सधैँ अग्रपङ्क्तिमा रहने गरेकाले पनि प्रशंसा हुने गरेको छ।

उद्धारमा निरन्तर क्षमता अभिवृद्धि

त्यसो त सशस्त्र प्रहरीको प्रशंसा त्यसै भएको हैन। यो संस्थाले उद्धारका क्षेत्रमा आफ्नो क्षमतालाई निरन्तर अभिवृद्धि गर्दै आएकाले यो सम्भव भएको हो।

पछिल्लो समय विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउन सशस्त्र प्रहरी बलले विभिन्न काम गरिरहेको छ । गोताखोर, अग्निनियन्त्रक, उद्धारकजस्ता जोखिमयुक्त काममा सशस्त्रकै भर पर्नुपर्ने अवस्था छ।

सशस्त्रले देशका विभिन्न स्थानमा हालसम्म नौ विपद् व्यवस्थापन केन्द्र सञ्चालन ल्याइसकेको तथा छवटा स्थापना प्रक्रियामा रहेको जनाएको छ । यसै वर्षको मनसुनमा ५९ वटा विपद् व्यवस्थापन केन्द्र अस्थायी रूपमा सञ्चालनमा ल्याउँदैछ।

बलले कुरिनटारमा १३९ वटा तालिममार्फत आफ्ना तीन हजार १२ जनशक्तिसहित छ हजार ९२९ जनालाई तालिम प्रदान गरिसकेको छ । यस अवधिमा उक्त शिक्षालयले १३४ जना विशेष तालिमप्राप्त गोताखोर तयार गरेको छ।

चितवन इच्छाकामना-४मा अवस्थित शिक्षालयबाट प्रशिक्षित जनशक्तिले २०६३ सालदेखि हालसम्म ३६ हजार ८४ विपद्का घटनामा १५ हजार ५४१ भन्दा बढीको सकुशल उद्धार, ८८ हजार ५०० घाइतेको उद्धार तथा २५ हजार ७७८ जना मृतकको उद्धार गरेको छ।

त्यस्तै विभिन्न विद्यालय र संस्थामार्फत छ लाख ५७ हजार २८४ जनालाई विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तालिम सञ्चालन गरी समुदायस्तरमा सचेता वृद्धि गरिएकाले सङ्गठनको प्रतिबद्धता र कार्यक्षमता स्पष्ट रूपमा देखाएको सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल बताउनुहुन्छ।

**कुरिनटार शिक्षालय उत्कृष्ट**

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारले 'वाटर रेस्क्यु', मेडिकल फर्स्ट रेस्पोन्डर (एमएफआर), कोल्याप्स स्ट्रक्चर सर्च एन्ड रेस्क्यु (सिएसएसआर), अग्नि नियन्त्रण, डिपवाटर रेस्क्युमा दक्ष जनशक्ति उत्पादन गर्दै खोज तथा उद्धारमा राष्ट्रिय क्षमता बढाएको छ।

देशमा नदीजन्य दुर्घटना हुनासाथ सशस्त्र प्रहरी, गोताखोर र कुरिनटार सम्झनुपर्ने परिस्थितिले शिक्षालयले राष्ट्रिय रूपमा पहिचान दिलाउन सफल भएको महानिरीक्षक अर्यालको भनाइ छ। त्यसो त २०७२ सालको भूकम्पमा पनि खोज तथा उद्धारमा सशस्त्र प्रहरी बल सफल भएको थियो।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सशस्त्र प्रहरी बल प्राकृतिक प्रकोप तथा विपद्पछिको प्रथम र अन्तिम महत्त्वपूर्ण विकल्प रहेको बताउनुभयो । उद्धार र राहतमा व्यवस्थापकीय हिसाबले सशस्त्र प्रहरी बल उत्कृष्ट र उदाहरणीय रहेको उहाँले बताउनुभयो।

नेपाल भूकम्पका हिसाबले ११औँ, प्राकृतिक प्रकोपका घटनाका हिसाबले ३० औँ र जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिमका हिसाबले चौथो जोखिमपूर्ण मुलुक मानिन्छ । विपद् व्यवस्थापनमा खटिने जनशक्ति र स्रोतसाधनको सीमितताले प्रकोपका बेलामा जनअपेक्षा र आवश्यकताबीचमा खाडल देखिए पनि स्थापना भएको २२ वर्षमा कुरिनटारस्थित शिक्षालयले राम्रो नतिजा दिएको छ।

महानिरीक्षक अर्याल भन्नुहुन्छ, "सङ्गठनलाई प्राप्त कार्यादेशमध्ये विपद् व्यवस्थापन र उद्धारकार्यको जिम्मेवारीलाई छोटो अवधिमै देशको अग्रणी र विशिष्ट शिक्षालयका रूपमा कुरिनटार स्थापित छ।"

राष्ट्रले भोग्दै आएको प्रकृति विपद् र आकस्मिक सङ्कटका बेला उद्धारका लागि आवश्यक पर्ने दक्ष, अनुशासित, प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यले स्थापित शिक्षालयले यही वैशाख २ गते २२औँ वार्षिकोत्सव मनाएको छ। शिक्षालयले प्रशिक्षणको भूमिकामा मात्र सीमित नरही व्यवहारिक उद्धारमा प्रत्यक्ष रूपमा परिचालित हुने इकाईका रूपमा पुरस्कृत हुँदै आएको छ।

विशेषगरी पृथ्वी राजमार्ग आसपासमा हुने सवारी दुर्घटना, बाढीपहिरो र अरु आकस्मिक घटना तथा देशको दुर्गम तथा चुनौतीपूर्ण क्षेत्रमा पनि यहाँबाट जनशक्ति परिचालित भई जीवनरक्षा तथा मानवीय सहयोगमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

विसं २०५८ मा सशस्त्र प्रहरी बल, नेपालको बेस क्याम्पका रूपमा स्थापना भई २०६७ साल वैशाख १९ गतेदेखि पहिलो विपद् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरी २०६८ साल मङ्सिर २२ देखि विपद् व्यवस्थापन तालिम केन्द्रका रूपमा उक्त शिक्षालय स्थापना भएको हो । सशस्त्र प्रहरीले देशका विभिन्न नौ स्थानमा विपद् व्यवस्थापन बेस स्थापना गरी पछिल्लो २० वर्षमा सडक दुर्घटना, पहिरो, नदीजन्य, आगलागीलगायतका घटनामा परेका एक हजार सात जनाको जीवितै उद्धार गरेको छ।

विपद्का घटनामा परिचालन हुने क्रममा सङ्गठनका ११ जनाले हालसम्म सहादत प्राप्त गरिसकेका छन् । दुर्घटनामा परी ज्यान गुमाएकाहरूको शव निकाल्न हतारो गर्दा अर्को व्यक्तिको सासलाई जोखिममा पार्नुहुन्न भन्ने जनचेतना समाजमा फैलाउनुपर्ने आवश्यकतामा बलले जोड दिएको छ । महानिरीक्षक अर्यालले विपद्का समयमा उद्धार गर्न सशस्त्र प्रहरी नआएको भए हामी बाँच्ने थिएनौँ भन्ने सन्देश नागरिकलाई दिनेगरी काम गर्न तथा देश र जनहितविपरीत हुनेगरी कुनै गल्ती नगर्न निर्देशन दिनुभयो।

विपद्पछिको त्यस्ता जोखिमपूर्ण उद्धार कर्यमा परिचालित हुँदा मृत्यु भएमा विपद् सहिद घोषणा गर्ने प्रस्ताव पनि सङ्गठनले अघि बढाएको छ । सशस्त्र प्रहरी बलले धादिङको नौबिसेदेखि चितवनको मुग्लिङसम्मको बाटोमा सडक सुरक्षा परामर्शसम्बन्धी नयाँ कार्यक्रम सुरु गर्दैछ । त्यस कार्यक्रमसँग यस क्षेत्रमा रहेका सामुदायिक अस्पताल र एम्बुलेन्स सेवालाई पनि समेटिनेछ । त्यस क्रममा दुर्घटनामा परेकालाई तत्काल उद्धार गरी संयुक्त प्रयासमा सम्बन्धित अस्पताल पुर्याइनेछ । विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणामुखी बनाउन सङ्गठनले विभिन्न पहल गरेको छ।

विपद् वा दुर्घटनामा परेका व्यक्तिको उद्धारका लागि खटिने प्रहरी ज्यान नै जोखिममा पर्नसक्ने पक्षलाई हेक्का गर्दै सङ्गठनको अनुरोधमा गोताखोरलगायतका जनशक्तिलाई अघिल्लो वर्ष १० लाखबराबरको दुर्घटना बीमा गरेको छ।

सङ्गठनले जोखिमयुक्त क्षेत्रमा काम गर्ने त्यस्ता करिब ५०० जनशक्तिलाई २५ लाख रुपैयाँको बीमा र अन्यबाट थप दुई लाखसमेत प्राप्त गर्ने व्यवस्था मिलाएको छ। प्राकृतिक प्रकोपमा हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न जल तथा मौसम विभागबाट मनसुनसम्बन्धी पूर्वानुमान उपलब्ध हुनासाथ सम्भावित जोखिम क्षेत्रमा आवश्यक जनशक्ति परिचालित गरी विपद् व्यवस्थापन तयारीको व्यवस्था मिलाइएको शिक्षालयका समादेशक भरत खनियाँले जानकारी दिनुभयो।

पछिल्लो समय सशस्त्र प्रहरी बलले मुलुकका सबै वडामा २५ जनाका हिसाबले एक लाख ६७ हजार विपदसूचक नाम सङ्कलन गरेकाले त्यसमा आवश्यक सहयोग पुर्‍याउन स्थानीय तहलाई आग्रह गरेको छ। रासस

# पोल पुग्यो, वितरण गरिएन विद्युत्

त्रिवेणी । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको पहाडी क्षेत्रमा विद्युत्का तार र पोल पुगे पनि अझै बिजुली पुग्न सकेको छैन।

जिल्लाको बुलिङटार गाउँपालिकाको अर्खला, देउरालीलगायतका विभिन्न गाउँमा अझै राष्ट्रिय प्रसारण लाइनको बिजुली पुग्न नसकेको हो । बुलिङटार गाउँपालिका-४ को अर्खलामा विद्युत् वितरणका संरचना तार, पोललगायत निर्माण भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि विद्युत् वितरण हुन नसकेको वडाध्यक्ष मीनबहादुर आलेले बताउनुभयो।




उक्त वडाकै देउरालीका बासिन्दाले विद्युत् मिटर जडानका लागि शुल्क बुझाएको पनि लामो समय भइसकेको छ, तर बिजुली बाल्न नपाएको उहाँले बताउनुभयो । विद्युत् प्राधिकरणले बोझा पोखरीमा विद्युत् सबस्टेसन सञ्चालन गरेको छ। तर उक्त सबस्टेसनबाट ७/८ किलोमिटर दूरीमा रहेका गाउँहरू अझै पनि अँध्यारोमा बस्न बाध्य छन् भने केही गाउँ लघु जलविद्युत्मा निर्भर रहनुपरेको अवस्था रहेको वडाध्यक्ष आलेले बताउनुभयो।

अर्खलामा लघु जलविद्युत्मार्फत बत्ती बालिए पनि आवश्यकताअनुसार विद्युत् उपभोग गर्न नसकिएको उहाँको गुनासो छ। "लघु जलविद्युत् छ, त्यो रातिमा मात्र चल्छ, दिनभरि केन्द्रको बिजुलीका तार र पोल हेरेर बस्नु बाहेक केही उपाय छैन", अध्यक्ष आलेले भन्नुभयो, "हामीले ताकेता गरिरहेका छौं, तर यी तारमा बिजुली कहिले आउने हो थाहा छैन।"

बिजुली नहुँदा वडा कार्यालयबाट प्रदान गरिने सेवासमेत प्रभावित हुने गरेको उहाँको भनाइ छ । "वडा कार्यालयमा दिउँसोका लागि सोलार छ, तर घाम लागेन भने चल्दैन, हिजोआज धेरै सेवा प्रविधिसँग जोडिएको छ, सेवाग्राहीलाई त्यसै फर्काउनुपर्ने अवस्था हुन्छ, बिजुली आए यो समस्या हट्ने थियो", वडाध्यक्ष आलेले भन्नुभयो।

दिनको समयमा कसैको घरमा बिहे, पूजा आदि कार्यक्रम परेमा पहिले नै सूचना दिई लघु जलविद्युत् सञ्चालन गराउनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । उक्त लघु जलविद्युत्बाट सामान्य बत्ती बाल्ने काम मात्र गर्न सकिने र धेरै विद्युतीय उपकरण सञ्चालन गर्न नसकिने उहाँको भनाइ छ। लघु जलविद्युत् रातिको समयमा मात्र सञ्चालन हुने गरेको छ।

विद्युत् वितरण केन्द्र कावासोतीका प्रमुख शिवनारायण गोशलीका अनुसार ठेकेदारको लापर्वाहीका कारण विद्युत् विस्तारमा ढिलाइ भएको हो । विद्युत् वितरणको पूर्वाधार निर्माणका लागि ठेक्का लागेको लामो समय भए पनि समयमा काम सम्पन्न नभएकाले ती क्षेत्रमा बिजुली वितरण गर्न नसकिएको उहाँले बताउनुभयो।

गण्डकी प्रदेश सरकारको 'उज्यालो गण्डकी प्रदेश' कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७६/०७७ मा यस क्षेत्रमा कार्यक्रम अघि बढाइएको थियो । युनिकर्न कन्स्ट्रक्सनले पूर्वाधार निर्माणको जिम्मा पाएको भए पनि समयमा काम नसक्दा उक्त क्षेत्रमा विद्युत् पुर्‍याउन नसकिएको कार्यालय प्रमुख गोशलीले बताउनुभयो।

सो क्षेत्रमा केही स्थानमा पहिरोले विद्युत् पोलमा क्षति पुर्‍याएकाले अहिले बजेट विनियोजन गरी काम अगाडि बढाइएको उहाँको भनाइ छ।

निर्माणको जिम्मा पाएको कम्पनीलाई निरन्तर ताकेता गरिरहेको र बाँकी संरचना निर्माण सम्पन्न गरेर छिट्टै उक्त क्षेत्रका गाउँहरूमा बिजुली बाल्ने तयारी भइरहेको कार्यालय प्रमुख गोशलीले बताउनुभयो । देउराली, अर्खला, सिङ्च्याङ हुँदै कालीगण्डकी करिडोरको कोखेटारसम्म छिट्टै विद्युत् पुर्‍याइने उहाँको भनाइ छ।

"हामीले विद्युत्का संरचना निर्माण सक्न ताकेता गरिरहेका छौँ, सायद अब छिट्टै काम सकिएर उक्त क्षेत्रमा बिजुली बल्नेछ", कार्यालय प्रमुख गोशलीले भन्नुभयो । रासस

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिङ्गा गणना सुरु

कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा आजदेखि बाह्रसिङ्गा गणना सुरु गरिएको छ । निकुञ्ज कार्यालय, नेपाली सेना तथा राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका साझेदार संस्थाको संयुक्त सहभागितामा गणना सुरु गरिएको हो । यसका लागि ३५ जना परिचालन गरिएको छ।




निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेका अनुसार 'हेड काउन्ट' विधिबाट बाह्रसिङ्गा गणना सुरु गरिएको छ । गणनाका लागि मचानमा बसेर, फायरलाइनमा सवारीसाधन प्रयोग गरी तथा हात्तीको सहायताबाट गणना (अवलोकन) गरिने व्यवस्था मिलाइएको छ।

गणनाका लागि बाइनाकुलर, क्यामेरा, टेलिस्कोप, दूरबिन र ड्रोनको प्रयोग गरिनेछ भने दुर्गम तथा हिँडेर पुग्न नसकिने क्षेत्रमा तीनवटा हात्ती परिचालन गरिएको जनाइएको छ। फायरलाइनमा दुई सवारीसाधन र चारवटा मचानमा तीन-तीन जनाको प्राविधिक जनशक्ति खटाइएको छ।

गणना बिहान ६:०० देखि ९:०० बजेसम्म र साँझ ४:०० देखि ७:०० बजेसम्म भइरहेको छ। आजदेखि सुरु भएको गणना वैशाख १२ गतेसम्म जारी रहने छ। गणनाका क्रमा बाह्रसिङ्गाको सङ्ख्या एकिन गर्ने, बासस्थाको अवस्थाबारे अध्ययन गर्ने, आहार तथा जोखिमको मूल्याङ्कन गरिने सूचना अधिकारी वाग्लेले बताउनुभयो।

निकुञ्जको मझगाउँ मुख्य कार्यालयदेखि करिब २४ किलोमिटर दक्षिणमा रहेको शुक्लाफाँटा घाँसेमैदान नेपालकै सबैभन्दा ठूलो घाँसेमैदान मानिन्छ । करिब ३४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा विश्वकै ठूलो झुण्डका रूपमा बाह्रसिङ्गा पाइन्छन् । विसं २०८१ मा गरिएको गणनामा यहाँ दुई हजार १८२ बाह्रसिङ्गा देखापरेका थिए।

निकुञ्जका रेञ्जर प्रयास केसीका अनुसार निकुञ्जमा बाह्रसिङ्गाको सङ्ख्या सन्तोषजनक छ । पछिल्ला वर्षहरूमा मुख्य घाँसेमैदानबाहेक अन्य क्षेत्रमा पनि बाह्रसिङ्गा देखिन थालेका छन् । "यो संरक्षणका हिसाबले सकारात्मक सङ्केत हो", उहाँले भन्नुभयो, "गणनालाई घाँसेमैदानमा मात्र सीमित नराखी बाह्रसिङ्गा पाइने सम्भावित अन्य क्षेत्रमा समेत विस्तार गरिएको छ।"

बाह्रसिङ्गा बाघको प्रमुख आहार प्रजातिका रूपमा रहेको छ। पर्याप्त आहार र उपयुक्त बासस्थान व्यवस्थापनका कारण निकुञ्जमा बाघको सङ्ख्यासमेत वृद्धि हुँदै गएको जनाइएको छ। रासस

# यान्त्रिक अवस्था ठिक नभएका ५५ सवारीसाधन कारबाहीमा

काठमाण्डु । ट्राफिक प्रहरीले यान्त्रिक अवस्था ठिक नभएका र मापदण्डभन्दा बढी धुवाँ फाल्ने ५५ सवारीसाधनलाई कारबाही गरेको छ। आज काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले काठमाडौंको थली (मुलपानी क्रिकेट ग्राउण्ड) क्षेत्रमा गरेको चेकजाँचका क्रममा यान्त्रिक अवस्था ठिक नभएका ४१ र मापदण्डभन्दा बढी धुवाँ फाल्ने १४ सवारीसाधनलाई कारबाही गरेको हो।

साठी वटा सवारीसाधन चेकजाँच गर्दा हेण्डब्रेक दुरुस्त नभएका, लाइट दुरुस्त नभएका, टायर धेरै खिइएका तथा अन्य अवस्था ठिक नभएका ४१ सवारीसाधनलाई कारबाही गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो। अवस्था ठिक नभएका सवारीसाधन चलाउँदा सवारी दुर्घटनाको जोखिम बढ्ने, यात्रु र सडक प्रयोगकर्ताको जीवन पनि जोखिममा पर्नसक्ने भएकाले चेकजाँच अभियान चलाइएको उहाँले बताउनुभयो।

काठमाण्डुको बबरमहल सडकखण्डमा आज गरिएको प्रदूषण चेकिङका क्रममा मापदण्डभन्दा बढी धुवाँ फाल्ने १४ सवारीसाधनका चालकलाई कारबाही गरिएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार वातावरण विभाग र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट संयुक्त रूपमा खटिएको टोलीले चेकजाँच गर्दा मापदण्डभन्दा बढी धुवाँ फाल्ने १४ सवारीसाधन फेला परेका हुन्।

**लागुऔषध कोकिनसहित चार जना पक्राउ**

लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको टोलीले अवैध लागुऔषध कोकिन ३३ ग्रामसहित चार जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ। काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट लागुऔषध कोकिन ३३ ग्रामसहित चार जनालाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा गोरखा पालुङटार नगरपालिका-९ का २७ वर्षीय सुनिल लामा, झापा मेचीनगर नगरपालिका-९ का ३१ वर्षीय विवेक गौतम, भारतको भुपालपुरा थाना-२९ ठेगाना भएका २७ वर्षीय हर्षित डाँगी र भारत राजस्थान जयपुर आदर्शनगर थानाका ३९ वर्षीय मानिक गुलाटी रहेका लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार घटनाका विषयमा थप अनुसन्धान भइरहेको भइरहेको छ। रासस

# चौबिस घण्टामा ट्राफिक प्रहरीद्वारा तीन हजार बढीलाई कारबाही



काठमाण्डु । ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टाका अवधिमा काठमाडौं उपत्यकामा तीन हजार ५०१ जना सवारी चालकलाई कारबाही गरेको छ।

मंगलबार बिहानसम्म मादक पदार्थ (मापसे) मा ७७, अवस्था ठीक नभएको ६९, रातो बत्तीमा १५८, तीव्र गति ८९, लेनमा १७२, ढोका खुल्ला ५७, नो हर्न ७७, ओराल्ने र चढाउनेमा ५५, अन्यमा दुई हजार ७४७ गरी तीन हजार ५०१ जना सवारी चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "विभिन्न गल्तीका पछिल्लो २४ घण्टे कारबाही सङ्ख्या तीन हजार ५०१ जना रहेका छन् । कारबाहीबाट जम्मा राजस्व रकम रु २५ लाख १५ हजार ५०१ रहेको छ।" रासस


# रुपन्देहीबाट करिब १६ लाखको अवैध सामान बरामद

देवदह । जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरी टोलीले दुई दिनमा करिब रु १६ लाख बराबरको अवैध सामान बरामद गरेको छ । वैशाख ६ र ७ गते जिल्लाका विभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा अवैध रूपमा भन्सार छलेर चोरीपैठारी गरेको रु मूल्य १५ लाख ९० हजार १५५ बराबरको सामान बरामद गरेको प्रहरीले जनाएको छ।



नियन्त्रणमा लिइएका सामान, सवारीसाधनलाई पशु क्वारेन्टाइन कार्यालय तथा मानिसलाई आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रहरीले बरामद गरेका सामानमा भैँसी, पाडी, घरयासी प्रयोजनका भाडा, कपडा, ब्रोइलर कुखुरा, केरा, अङ्गुर, चुकन्दर, कटहर, फर्सी, सेतो अण्डा, पेय पदार्थ, विभिन्न किसिमका पटका, दैनिक उपभोग्यका मोटरसाइकल, पिकअप गाडीलगायत छन्। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रहरी संगठन भ्रष्टाचारको भारीमा दब्नु हुँदैन

नेपाल प्रहरीको स्वच्छ, निष्पक्ष, इमान्दार छवीमाथि ठूलो धक्का लाग्न थालेको छ । प्रहरीका उच्च अधिकारीहरुमाथि प्रश्न उठ्न थालेको छ । अनुचित लेनदेन, घुमुवा राखेर अवैध असुली गराउँछन् । यो समस्या भने मधेश प्रदेशमा मात्र नभइ सिंगो मधेशमा रहेको छ । यस्ता धन्धाहरु काठमाण्डुमा हुने गर्छ । प्रहरी कार्यालयमा विचौलियाहरुको बर्चस्व रहेको छ । विचौलियाहरु मार्फत मात्र प्रहरी कार्यालयहरुमा काम हुने गर्छ । तस्करहरुले त प्रहरीलाई आफ्नो अनुकूल चलाउँछन् । प्रहरीका अधिकारीहरु समेतलाई महिनवारी रुपमा मोटो रकम बुझाउने कुख्यात तस्करहरुले तलका प्रहरीलाई आफ्नै कारिन्दा बुझ्छन् । प्रहरीले पनि माथिल्लो अधिकारीसम्म पहुँच रहेका तस्करहरुसित मालिकको पछिपछि कुकुरले पुच्छर हल्लाए जस्तै तस्करहरुको अगाडि पछाडिहरु प्रहरी हल्लिरहेका हुन्छन् । प्रहरीको मनोबल अत्यन्त खसेको छ । त्यसको प्रमुख दुई कारण मध्ये एउटा हाकिम नै तस्करको प्रभावमा रहनु र अर्को हाकिमले कमाएको देख्दा आफ्नो पनि र्‍याल चुह्नु हो । नेपाल प्रहरीमा पछिल्लो समय सार्वजनिक भएका कयौं घटनाहरुले साखमाथि नै प्रश्न उठेको छ । सप्तरीका एसपी, मधेश प्रदेशका डीआइजी, जिल्ला प्रहरी कार्यालय धनुषाका वरिष्ठ सई, असई लगायतले तस्करहरुसित मिलेमतो गरी मोटो रकम असुल गरिरहेको अडियोहरु सार्वजनिक भएको छ । प्रहरी कार्यालयदेखि सीमानाकासम्मको काम सेटिंगमा हुने गरेको छ । जिल्ला प्रहरी कार्यालयमा सर्वसधारणले विचौलियाहरु मार्फत काम नगराए महिनौ कुर्दा पनि निराश हुनुपर्छ । तर विचौलिया मार्फत जाँदा कानुनले नमिल्ने भए पनि लेनदेनमा हुन्छ । देशमा सुशासन कायम गर्ने प्रमुख निकाय प्रहरी प्रशासन पनि हो । प्रहरी प्रशासनमा चरम आर्थिक अनियमितताको कारण सर्वसधारणलाई सास्ती छ । व्यक्तिले सय रुपैयाँको भन्दा बढी मालसमान भारतबाट ल्याउन पाउँदैन । तर तस्करहरुको ट्रक निर्वाध रुपमा आउने गरेको छ । सरकारले सीमावर्ती क्षेत्रमा भन्सार असुलीमा कडाइ गरी स्वदेशको बजारलाई प्रवर्द्धन गर्ने बताए पनि तस्करीको कारण राजस्व असुली बढन कठिन छ । तस्करीको मालसमान चर्को मूल्यमा बिक्री गरी व्यवसायी मोटाउने छन् । सरकारको यस्तो नीतिले सर्वसधारण मारमा परिरहेको छ । सीमा नाकामा हुने अवैध तस्करी रोक्न आवश्यक छ । हरेक दिन करोडौ रुपैयाँको लागुऔषध सीमा भएर नै देशभरि पुर्‍याइन्छ । त्यो प्रहरीको सहयोग बिना संभव छ ? सीमामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको बाक्लो उपस्थिति छ । तर तस्करी रोकिएको छैन । तस्करहरुलाई प्रहरी, भन्सार र राजस्वको अधिकारीहरुको पूर्ण संरक्षण छ । मधेश प्रदेशमा सार्वजनिक भएका अडियोहरुले प्रहरीको अधिकारीहरुमाथि पदीय दायित्व निर्वाह नगरेको प्रश्न उठेको छ । वर्षौ देखि धनुषामा जयलाल यादव घुमुवा छन् । उनी अत्यन्त अनुभवी र सानादेखि ठूला तस्करहरुसम्म पहुँच भएकाले सुविधा अनुसार उनलाई एसपीदेखि डीआइजी सम्मले प्रयोग गरेको देखिन्छ । प्रहरी संगठन भ्रष्टाचारको भारीमा दब्नु हुँदैन । मुछिएकाहरु उपर कडा कारबाही हुनुपर्छ ।

# दीर्घकालीन आर्थिक पारदर्शितासँग जोडिएका चार सवाल

बालेन्द्र साह सरकार गठन भएको दुई हप्ता बितिसक्दा पनि सम्पत्ति विवरण सार्वजनिक नगरिएको भन्दै चौतर्फी प्रश्न उठेपछि २९ चैतमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रधानमन्त्रीलगायत मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्‍यो । स्वतःस्फूर्त रूपमा गरिनुपर्ने सम्पत्ति विवरण सार्वजनिकीकरणका लागि एक किसिमको नागरिक दबाब नपरेको भए यो प्रक्रिया अझै केही समय लाग्नसक्थ्यो । जे होस्, सरकार गठन भएको तेस्रो हप्ताभित्रै सम्पत्ति विवरण सार्वजनिकीकरण गर्ने सम्भवतः २०४६ पछि बनेका सरकारहरूमा यो पहिलो सरकार पनि हुन सक्छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले आफ्नो आयस्रोतको मुख्य माध्यमहरू फेसबुक, युट्युब र एक्सजस्ता सामाजिक सञ्जालहरू भएको उल्लेख गरेका छन् भने बैंकमा १ करोड ४६ लाख रुपैयाँ बचत रहेको देखाएका छन् । उनको आफ्नै नाममा कुनै जग्गा नरहेको भए पनि आमाको नाममा काठमाडौंमा ५ आना र धनुषामा १.२ बिघा, बुबाको नाममा महोत्तरीमा ९ बिघा जग्गा र श्रीमतीको नाममा १९० तोला सुन रहेको उल्लेख गरेका छन् ।

अर्थमन्त्री स्वर्णिम वाग्लेको मुख्य आयस्रोत अन्तर्राष्ट्रिय रोजगारी देखाइएको छ भने शेयरमा लगानी, नगद बचतलगायत अन्य विभिन्न किसिमका लगानीहरू आफ्नो सम्पत्तिको रूपमा उल्लेख गरेका छन् । गृहमन्त्री सुधन गुरुङले प्रस्तुत गरेको सम्पत्ति विवरण र त्यो आर्जन गर्नका लागि उल्लेख गरिएको स्रोतका कारण निकै चर्चामा आएका छन् भने अरु हरेक मन्त्रीहरूले पनि उनीहरूको पेस गरेको सम्पत्ति विवरणका आधारमा आ-आफ्नो ढंगले चर्चा बटुलेका छन् ।

यद्यपि, प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण बाहिर आएपछि यसको पक्ष र विपक्षमा विभिन्न कोणबाट सार्वजनिक बहस सुरु भएको छ । विपक्षीहरूले समग्र मन्त्रिमण्डलकै सम्पत्ति विवरण अपत्यारिलो भएको भन्दै आयस्रोतमाथि प्रश्न उठाइसकेका छन् । सरकारका समर्थकहरूले भने तुलनात्मक रूपमा धनी व्यक्तिहरू मन्त्री बनेको कारणले उनीहरू भ्रष्टाचारजन्य कार्यमा संलग्न हुने छैनन् भनेर सामाजिक सञ्जालमा आफ्नो विचार प्रकट गरेका छन् । धेरैजसो नागरिक तहको माग सम्पत्ति विवरणसहित त्यो आर्जनको विश्वासयोग्य स्रोत अनि कर तिरेको विवरण पनि साथैमा संलग्न हुनुपर्ने रहेको छ ।

यसै पृष्ठभूमिमा, मैले यो लेखमा राजनीतिक तथा सार्वजनिक पदमा आसिन व्यक्तिहरूको सम्पत्ति विवरणसँग सम्बन्धित चारवटा सवाल उठाउन चाहेको छु जुन सवालहरू यस सरकारका प्रधानमन्त्री र मन्त्रीसँग मात्र सम्बन्धित नभएर नेपालको समग्र राजनीतिक क्षेत्रमा संलग्न व्यक्तिहरूको दीर्घकालीन आर्थिक पारदर्शितासँग जोडिएका छन् ।

**पहिलो सवाल : सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रक्रियालाई कानुनी रूपमा बाध्यात्मक बनाउने कि औपचारिकतामा मात्र सीमित गर्ने ?**

नेपालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार प्रधानमन्त्री, मन्त्री, सांसद र सरकारी कर्मचारीले पदग्रहण गरेको ६० दिनभित्र र त्यसपछि प्रत्येक वर्ष अनिवार्य रूपमा सम्पत्ति विवरण पेस गर्नुपर्ने प्रावधान रहेको छ । कागजी रूपमा यो व्यवस्था राम्रो देखिन्छ । तर, व्यवहारमा भने यो प्रक्रिया वर्षौंदेखि हचुवाको तालमा चलिरहेको छ । सम्पत्ति विवरण पेस गर्ने अनि सरकारले चाहेको खण्डमा त्यसलाई सार्वजनिक गर्ने नत्र गुपचुप नै राख्ने चलन लामो समय देखि चल्दै आएको छ । कानुनी रूपबाट नै सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने कुरालाई अनिवार्य बनाएको छैन, तसर्थ यो मूलतः सरकारको नैतिकता र राजनीतिक इच्छाशक्तिको विषयको रूपमा मात्र रहेको छ । हरेकपटक मिडिया अनि नागरिकको तहबाट प्रश्न उठाएपछि मात्र सरकारले बल्लतल्ल सम्पत्ति विवरण सार्वजनिक गर्ने हरेक सरकारको प्रवृति रहेको छ भने कतिपय सरकारले यो विषयलाई पूर्ण रूपमा अनदेखा गर्ने प्रवृत्ति पनि रहेको पाइयो, जसको ज्वलन्त उदाहरण सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार अनि त्योभन्दा अगाडिको केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारलाई लिन सकिन्छ । वालेन्द्र सरकारले सरकार बनेको तीन साताभित्रै सम्पत्ति विवरण सार्वजनिक त गर्‍यो, तर प्रश्न उठेपछि मात्र गर्‍यो ।

अन्तर्राष्ट्रिय अनुभवले के बताउँछ भने, सम्पत्ति विवरण सार्वजनिक भए मात्र त्यसले भ्रष्टाचार नियन्त्रणमा अर्थपूर्ण भूमिका खेल्छ । उदाहरणका लागि ट्रान्सपेरेन्सी इन्टरनेसनलको जर्जिया शाखाले अफउबलथष्लाय.नभ नामको सार्वजनिक प्लेटफर्ममार्फत सरकारी व्यापार रजिस्ट्री र सम्पत्ति विवरणलाई जोडेर संसद सदस्यहरूको अघोषित व्यापारिक स्वार्थ पत्ता लगाएको पुष्टि गरेको छ । त्यसैगरी युक्रेनमा २०१६ मा राष्ट्रिय भ्रष्टाचार निवारण एजेन्सी (ल्बऋए)को नेतृत्वमा सम्पूर्ण कागजी प्रणालीलाई अनलाइन ई-डिक्लेरेसन प्रणालीमा रूपान्तरण गरियो, जसमा करिब १० लाख सार्वजनिक कर्मचारीले वार्षिक विवरण पेस गर्छन्, र पत्रकारदेखि नागरिक समाजसम्म सबैले त्यसलाई तत्काल हेर्न र प्रश्न गर्न पाउँछन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (ग्लम्ए)ले यो प्रणालीलाई युक्रेनको पछिल्लो पाँच वर्षको सबैभन्दा महत्त्वपूर्ण भ्रष्टाचारविरोधी उपलब्धि भनेर उल्लेख गरेको छ ।

नेपालमा भने अहिले पनि सम्पत्ति विवरण सार्वजनिक गर्ने या नगर्ने भन्ने निर्णय सरकारको तजबिजमा छोडिएको छ । यो अवस्था कानुन बनाएर बाध्यकारी बनाउन आवस्यक छ भने सार्वजनिक भएको सम्पत्ति विवरणलाई डिजिटलाइज गरेर सबैको सहज पहुँचमा ल्याउनुपर्ने आवश्यकता पनि देखिन्छ ।

**दोस्रो सवाल : सम्पत्ति देखाउनु र स्रोत प्रस्ट पार्नु एउटै कुरा होइन**



डा. प्रकाश भट्टराई

> जेन-जी आन्दोलनको एउटा प्रमुख माग भ्रष्टाचारको अन्त्य थियो । त्यही मागको बलमा सम्पन्न निर्वाचनबाट बनेको सरकारले तीन हप्ताभित्रै सम्पत्ति विवरण सार्वजनिक गर्नु स्वागतयोग्य कदम हो । तर, "सार्वजनिक गरियो" भन्नु र "वास्तवमा पारदर्शी छ" भन्नु फरक-फरक कुरा हुन् ।

अहिले सार्वजनिक भएको सम्पत्ति विवरणको सबैभन्दा ठूलो कमजोरी भनेको प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरणचाहिँ प्रस्तुत गर्नु तर आयस्रोतको वैधानिकता चित्तबुझ्दो ढंगले प्रमाणित/प्रस्तुत गर्न नसक्नु हो ।

'पैतृक', 'व्यापार' र 'अन्तर्राष्ट्रिय रोजगारी' भन्ने तीन शब्दले आर्थिक स्रोत सँग सम्बन्धित सबै प्रश्नको जवाफ दिन सक्दैन । वास्तवमा सम्पत्तिको विवरणले कम्तीमा तीन कुरा स्पष्ट पार्न सक्नुपर्छ- कुन वर्षदेखि कुन वर्षसम्म कसरी आर्जन गरियो, त्यो आर्जनको कर तिरिएको छ कि छैन, र जग्गा वा शेयरको हकमा कारोबारको ट्रेल के हो भन्ने उल्लेख हुनुपर्छ । यस सन्दर्भमा विश्व बैंक र संयुक्त राष्ट्रसंघको ग्लइम्ऋ को संयुक्त क्तयभिल ब्ककभत च्भअयखभचथ (क्तब्च)को पहलले विश्वका १६० भन्दा बढी देशको अनुभवको आधारमा स्पष्ट रूपमा भनेको छ कि सम्पत्तिको मूल्य मात्र होइन, आयस्रोतको पहिचान नै भ्रष्टाचार पत्ता लगाउने सबैभन्दा प्रभावकारी उपाय हो । थप महत्त्वपूर्ण कुरा, नेपालले संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्धको महासन्धि (ग्लऋब्ऋ) मा २०११ मा हस्ताक्षर गरिसकेको छ, जसको धारा ८ (५) अन्तर्गत सार्वजनिक पदाधिकारीको आय, सम्पत्ति र स्वार्थको द्वन्द्व पूर्ण रूपमा घोषणा गर्ने व्यवस्था गर्नुपर्ने प्रतिबद्धता नेपालले व्यक्त गरेको छ । 'पैतृक' वा 'व्यापार' मात्र लेखेर यो अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा हुँदैन ।

**तेस्रो सवाल : अपत्यारिलो सम्पत्तिको स्वतन्त्र अनुगमन कसले र कसरी गर्ने ?**

विपक्षी दलहरू तथा आमनागरिकहरूले हाल मन्त्रिपरिषद्मा रहेका केही मन्त्रीको सम्पत्ति विवरण र आयस्रोतलाई अपत्यारिलो भएको आरोप लगाएका छन्, तर यो आरोपलाई आरोपकै रूपमा मात्र सीमित हुन नदिनका लागि संस्थागत ढंगले छानबिन गर्ने र दोषी देखिएमा कारबाही या अन्य कदम चाल्ने हुन सक्छ ।

सार्वजनिक भएको सम्पत्ति विवरणमा उल्लेखित दाबी र वास्तविकताबीच फरक पत्ता लगाउँदा एकातर्फ दाबीकर्तालाई दीर्घकालीन न्याय मिल्न जान्छ भने अर्कोतर्फ सत्यतथ्य पत्ता लगाउने आधिकारिक निकायको उपस्थिति रहेको खण्डमा कुनै व्यक्तिको सार्वजनिक प्रतिष्ठामा आँच आउने किसिमले आरोप लगाउने प्रवृतिको पनि अन्त्य हुन जान्छ । तर, अहिलेको मुख्य प्रश्न भनेको सार्वजनिक भएको सम्पत्ति विवरणको स्वतन्त्र अनुगमन कसले र कसरी गर्ने भन्ने नै हो ।

हाल नेपालमा सम्पत्ति विवरण संकलन तथा अनुगमनको कार्य राष्ट्रिय सतर्कता केन्द्रमार्फत हुने गर्छ । तर, यो संस्था प्रधानमन्त्री कार्यालयमातहत राखिएको छ जुन त्यति सान्दर्भिक देखिँदैन । किनकि, प्रधानमन्त्री कार्यालयमातहतमा रहेर उही निकायअन्तर्गत रहेका व्यक्तिहरूको अनुगमन गर्दा स्वार्थ बाझिनुका साथै यसको स्वतन्त्रता र निस्पक्षतालाई लिएर आमनागरिकले शंका गर्ने ठाउँ रहन्छ । अर्थात्, जसको अनुगमन गर्नुपर्ने छ, उही निकायमातहत रहेर कार्य गर्नु एक किसिमको संरचनागत विरोधाभास पनि हो ।

त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग एउटा अर्को त्यस्तो निकाय हो, जसको अधिकार क्षेत्रभित्र कुनै न कुनै रूपमा संकास्पद सम्पत्ति विवरणहरूको छानबिन गर्ने अधिकार निहित छ, तर अख्तियारको स्वतन्त्रतामाथि राजनीतिक दबाब पर्ने गरेको कुरा बारम्बार उठ्ने गरेको छ, जसका कारण उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन प्रक्रिया प्रभावित हुने जोखिम रहन्छ भने यसको विद्यमान क्षमता यी सबै कार्यहरूमा हात हाल्न सक्ने किसिमको छ कि छैन त्यो पनि हेर्नु जरुरी देखिन्छ ।

ट्रान्सपेरेन्सी इन्टरनेसनल नेपाल र ग्लऋब्ऋ ऋयबष्तिष्यल ले सन् २०२३ मा गरेको नेपालसम्बन्धी समीक्षाले पनि स्पष्ट रूपमा इंगित गरेको छ कि नेपालको सम्पत्ति विवरण प्रणाली 'केवल औपचारिक' रूपमा रहेको छ, किनभने न स्वतन्त्र प्रमाणीकरण छ, न राष्ट्रिय डाटाबेस छ, न सार्वजनिक पहुँच नै छ ।

**प्रभावकारी सम्पत्ति अनुगमनको लागि के गर्नु आवश्यक छ त ?**

सम्पत्ति विवरणलाई जग्गा रजिस्ट्रेसन रेकर्ड, बैंकिङ डाटा, कर दाखिला र कम्पनी रजिस्ट्रारको सूचनासँग स्वचालित रूपमा क्रस चेक गर्ने प्रणाली हुनुपर्छ । ट्रान्सपेरेन्सी इन्टरनेसनल जर्जियाले सार्वजनिक गरेको प्लेटफर्मले ठीक यही काम गर्छ, जहाँ सरकारी व्यापार रजिस्ट्री र सम्पत्ति विवरणलाई एकीकृत गरेर नागरिक समाज, पत्रकार र सामान्य नागरिकले सिधै हेर्नसक्ने व्यवस्था गरिएको छ, जसको कारण संसद सदस्यहरूले घोषणा नगरेको कम्पनी स्वामित्व सार्वजनिक गर्न मद्दत पुर्‍याउँछ ।

युक्रेनको NACP ले पनि आफ्नो ई-डिक्लेरेसन प्रणालीमा एउटा स्वचालित प्रमाणीकरण मोड्युललाई जोडेको छ, जसले १५ मिनेटमा १ लाख विवरणको डाटा क्रस चेक गर्न सक्छ । नेपालमा पनि नागरिक समाज र स्वतन्त्र मिडियाले यस्तै भूमिका खेल्न सक्छन्, तर त्यसका लागि विवरण पहुँचयोग्य, डिजिटल र पूर्ण हुनु आवश्यक छ ।

**चौथो सवाल : अहिलेको विवरण आधार बनाएर भविष्यसम्मको सम्पत्ति अनुगमन कसरी सम्भव हुन्छ त ?**

यो सबैभन्दा महत्त्वपूर्ण सवाल हो, र यसको जवाफ खोज्नु नै यो लेखको मूल आशय हो ।

सम्पत्ति विवरण एकपटकको घोषणा मात्र होइन, यो एउटा त्यस्तो आधार हो जसबाट हरेक सार्वजनिक ओहदाधारी व्यक्तिको सम्पत्तिमा भविष्यमा आएको परिवर्तनलाई वैज्ञानिक ढंगले मापन गर्न सकिन्छ । मन्त्री वा प्रधानमन्त्री भएर काम सुरु गरेको समयमा कति सम्पत्ति थियो, पदको समाप्ति भएर निस्किएको दिन कति सम्पत्ति भयो, अनि भविष्यमा समेत उसको सम्पत्तिमा अस्वाभाविक परिवर्तन आयो कि आएन भन्ने कुराको तथ्यगत जानकारी दिनका लागि सुरुवाती अवस्थामा पेस गरिएको सम्पत्ति विवरणले मद्दत पुर्‍याउँदछ ।

तर, यसको लागि एउटा सुदृढ, निरन्तर र स्वतन्त्र सम्पत्ति अनुगमन प्रणालीको स्थापना आवश्यक हुन आउँछ । विश्व बैंकको क्तब्च पहलले १६० भन्दा बढी देशको डाटाको आधारमा निकालेको निष्कर्षले पनि सम्पत्ति अनुगमन प्रणालीको महत्त्वलाई दर्शाउँछ । यसले एउटा त्यस्तो महत्त्वपूर्ण निष्कर्ष निकालेको छ कि सम्पत्ति विवरण सार्वजनिक भएका र स्वतन्त्र रूपमा प्रमाणीकरण गरिएका देशहरूमा भ्रष्टाचारको दर कम रहेको पाइयो भने यस्ता विवरण गोप्य राखिएका वा अप्रमाणित विवरणको भ्रष्टाचार नियन्त्रणमा कुनै ठोस असर नभएको पाइएको छ ।

यो निष्कर्षले त्यो कुरा प्रस्ट परेको छ कि सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यासले मात्र भ्रष्टाचार नियन्त्रणलाई पर्याप्त बल पुर्‍याउँदैन । निरन्तर सम्पत्ति अनुगमन कार्य पनि उत्तिकै जरुरी रहेको छ । विश्व बैंकको यो अध्ययनको निष्कर्ष अहिलेको वालेन्द्र सरकारलाई सम्पत्ति अनुगमन प्रणालीसँग सम्बन्धित नीतिगत व्यवस्थाहरू गर्न निकै सहयोगी सिद्ध हुन सक्छ ।

अन्त्यमा, जेन-जी आन्दोलनको एउटा प्रमुख माग भ्रष्टाचारको अन्त्य थियो । त्यही मागको बलमा सम्पन्न निर्वाचनबाट बनेको सरकारले तीन हप्ताभित्रै सम्पत्ति विवरण सार्वजनिक गर्नु स्वागतयोग्य कदम हो । तर, 'सार्वजनिक गरियो' भन्नु र 'वास्तवमा पारदर्शी छ' भन्नु फरक-फरक कुरा हुन् ।

सम्पत्ति विवरण भनेको पारदर्शिताको अन्त्यविन्दु होइन । यो सम्पत्ति अनुगमनको सुरुवातीविन्दु मात्र हो । वास्तवमा पारदर्शी भएको देखाउनका लागि वालेन्द्र सरकारले कम्तिमा चार क्षेत्रमा नीतिगत सुधार ल्याउनु आवश्यक छ । पहिलो, सम्पत्ति विवरण सार्वजनिक गर्ने विषयलाई नैतिकताको प्रश्नमा मात्र छोड्नेभन्दा पनि कानुनी बाध्यताको रूपमा नै स्थापित गरिनु आवस्यक छ । दोस्रो, पतिपत्नी र छोराछोरी मात्र होइन कि आमाबुबा, दाजुभाइ र विश्वासिला सहयोगीहरूको नाममा रहेको सम्पत्ति पनि सार्वजनिक घोषणाको दायराभित्र समेट्न जरुरी छ किनभने नेपालको सन्दर्भमा सम्पत्ति लुकाउने मुख्य व्यक्ति तथा ठाउँहरू यिनै हुन् । तेस्रो, डिजिटल प्रणालीमार्फत जग्गा, बैंक र कर रेकर्डसँग स्वचालितः क्रस चेक गर्न सकिने संयन्त्रको निर्माण गरिनु आवश्यक छ । चौथो, सम्पत्ति अनुगमन गर्ने निकाय प्रधानमन्त्री कार्यालयमातहतभन्दा पनि स्वतन्त्र संवैधानिक संरचनाको रूपमा रहने व्यवस्था गरिनु आवश्यक छ ।

कुनै मन्त्री आज इमानदार भएको घोषणा गर्छन् भने उनलाई नै सबैभन्दा बढी एउटा बलियो सम्पत्ति अनुगमन प्रणाली चाहिन्छ । किनभने, राम्रो प्रणालीले मात्र उनलाई पछि गएर 'भ्रष्ट' भन्ने बेइज्जतीबाट जोगाउन सक्छ । जसले भ्रष्टाचार गरेका छैनन् या गर्ने मनसाय राखेका छैनन्, उनीहरूलाई यस्तो प्रणालीसँग डर हुनुपर्दैन । र, जसलाई डर छ, उनीहरूका लागि त झन् यस्तो प्रणाली आवश्यक छ । शिलापत्रडटकमबाट साभार ।

(लेखक अमेरिकाको युनिभर्सिटी अफ नोट्रेडामस्थित क्रोक इन्स्टिच्युट फर इन्टरनेसनल पीस स्टडिजमा भिजिटिङ रिसर्च फेलोका रूपमा कार्यरत छन् ।)

# अबको शिक्षा : प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी



गणेश जोशी

मानव सभ्यताको विकासक्रमसँगै शिक्षा प्रणालीले विभिन्न चरणहरू पार गरेको छ। कुनै समय शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यम थियो, पछि यसले सीप र दक्षता विकासमा जोड दियो र आधुनिक युगमा आएर शिक्षा प्रतिस्पर्धाको प्रमुख साधन बनेको देखिन्छ ।

आजको विश्व परिवेशमा अधिकांश शिक्षा प्रणालीहरू विद्यार्थीलाई 'अरूभन्दा अगाडि कसरी जाने' भन्ने सोचमा केन्द्रित छन् । तर प्रश्न उठ्छ–के शिक्षा केवल प्रतिस्पर्धा जित्नका लागि हो कि जीवनलाई अर्थपूर्ण, सन्तुलित र समाजोपयोगी बनाउनका लागि ? यसै सन्दर्भमा 'अवको शिक्षाः प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी' भन्ने अवधारणा अत्यन्त सान्दर्भिक र आवश्यक देखिन्छ ।

विश्व परिवेशमा हेर्दा विकसित राष्ट्रहरूमा समेत शिक्षा प्रणालीबारे पुनर्विचार भइरहेको छ । अत्यधिक प्रतिस्पर्धाले विद्यार्थीमा मानसिक तनाव, असन्तुलन र असन्तुष्टि बढाएको तथ्य विभिन्न अनुसन्धानहरूले देखाएका छन् । उच्च अंक ल्याउने दबाब, प्रतिष्ठित संस्थामा प्रवेशको होड र करियरमा अग्रता कायम गर्ने प्रतिस्पर्धाले धेरै युवालाई आन्तरिक रूपमा थकित बनाएको छ। यसकारण आज विश्वका केही शिक्षा प्रणालीहरूमा 'होलिस्टिक एजुकेशन', 'सोसियल-इमोशनल लर्निङ' र 'माइन्डफुलनेस' जस्ता अवधारणाहरूलाई प्राथमिकता दिन थालिएको छ । यी सबै प्रयासहरूको मूल उद्देश्य विद्यार्थीलाई केवल प्रतिस्पर्धी होइन, आत्मचेतनशील, सहानुभूतिशील र प्रेरणादायी व्यक्ति बनाउनु हो ।


नेपालको सन्दर्भमा हेर्दा हाम्रो शिक्षा प्रणाली अझै पनि परीक्षा केन्द्रित र प्रतिस्पर्धात्मक प्रकृतिको छ। एसईई, प्लस टु, र उच्च शिक्षामा प्रवेशका लागि हुने प्रतिस्पर्धाले विद्यार्थीलाई सानै उमेरदेखि नै अंकको दौडमा धकेलिरहेको छ। अभिभावक, विद्यालय र समाजको अपेक्षाले विद्यार्थीलाई 'पहिलो हुनैपर्छ' भन्ने मानसिकता विकास गराएको छ। यसले गर्दा धेरै विद्यार्थीहरू आफ्नो वास्तविक रुचि, सिर्जनशीलता र आत्मपहिचानबाट टाढा भइरहेका छन्। शिक्षा प्राप्त गरे पनि उनीहरू आत्मविश्वासी, जिम्मेवार र समाजप्रति संवेदनशील नागरिक बन्न सकिरहेका छैनन् ।

वर्तमान सामाजिक आयामलाई नियाल्दा शिक्षा र समाजबीचको सम्बन्ध पनि गहिरो रूपमा प्रभावित भएको देखिन्छ। बेरोजगारी, दक्ष जनशक्तिको अभाव, र विदेश पलायनजस्ता समस्याहरूले देखाउँछन् कि हाम्रो शिक्षा प्रणालीले व्यवहारिक र जीवनोपयोगी ज्ञान दिन सकिरहेको छैन। प्रतिस्पर्धामा केन्द्रित शिक्षाले विद्यार्थीलाई केवल 'जागिर खोज्ने' बनाउँछ, 'अवसर सिर्जना गर्ने' होइन। यसैले अबको शिक्षा प्रणालीले विद्यार्थीलाई प्रेरित गर्दै उनीहरूको आन्तरिक क्षमता र सिर्जनात्मकता उजागर गर्नुपर्छ ।

आध्यात्मिक दृष्टिकोणबाट हेर्दा शिक्षा आत्मबोध र आन्तरिक शान्तिको माध्यम हुनुपर्छ। पूर्वीय दर्शनले सधैं 'विद्या'लाई आत्मज्ञानसँग जोडेको छ । वास्तविक शिक्षा त्यो हो जसले व्यक्तिलाई आफ्नो अस्तित्व, उद्देश्य र मूल्यहरूबारे सचेत बनाउँछ। यदि शिक्षा केवल बाह्य उपलब्धि र प्रतिस्पर्धामा सीमित रह्यो भने व्यक्तिले आन्तरिक सन्तुष्टि प्राप्त गर्न सक्दैन । ध्यान, योग, नैतिक शिक्षा र जीवनमूल्यहरूको समावेशले विद्यार्थीलाई सन्तुलित र प्रेरणादायी व्यक्तित्व बनाउन मद्दत गर्छ ।

वैज्ञानिक दृष्टिकोणले पनि शिक्षा प्रणालीमा परिवर्तनको आवश्यकता औंल्याउँछ। आधुनिक मनोविज्ञान र न्यूरोसाइन्सले देखाएका छन् कि सिकाइ प्रक्रिया केवल तथ्य याद गर्ने होइन, अनुभव, भावनात्मक संलग्नता र सिर्जनात्मक सोचसँग सम्बन्धित हुन्छ । जब विद्यार्थीलाई डर र दबाबमा राखिन्छ, तब उनीहरूको मस्तिष्क सिक्न कम सक्षम हुन्छ। तर प्रेरणादायी वातावरणमा विद्यार्थीले स्वतः जिज्ञासा राख्छन्, प्रश्न सोध्छन् र नयाँ कुरा खोज्न उत्साहित हुन्छन् । यसैले शिक्षामा 'इन्क्वायरी-बेस्ड लर्निङ', 'प्रोजेक्ट-बेस्ड लर्निङ' जस्ता विधिहरू अपनाउनु आवश्यक छ ।

व्यावहारिक पक्षबाट हेर्दा शिक्षा जीवनसँग प्रत्यक्ष जोडिनुपर्छ। विद्यार्थीले कक्षामा सिकेका कुरा वास्तविक जीवनमा प्रयोग गर्न सक्ने हुनुपर्छ। कृषि, उद्यमशीलता, प्रविधि, र सामाजिक सेवाजस्ता क्षेत्रहरूमा आधारित शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर र समाजोपयोगी बनाउँछ। साथै, सहकार्य र नेतृत्व जस्ता सीपहरू पनि अत्यन्त महत्वपूर्ण छन् । प्रतिस्पर्धात्मक शिक्षा प्रणालीले सहकार्यभन्दा व्यक्तिगत सफलता प्राथमिकता दिन्छ, तर प्रेरणादायी शिक्षा प्रणालीले 'हामी'को भावना विकास गर्छ ।




अबको शिक्षाले कस्तो जनशक्ति निर्माण गर्नुपर्छ भन्ने प्रश्नमा स्पष्ट उत्तर छ–प्रेरणादायी जनशक्ति। यस्तो जनशक्ति जसले आफू मात्र होइन, अरूलाई पनि अगाडि बढ्न प्रेरित गर्छ। जसमा सहानुभूति, नैतिकता, सिर्जनशीलता र जिम्मेवारीको भावना हुन्छ। यस्तो व्यक्ति समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम हुन्छ। प्रतिस्पर्धी जनशक्ति केवल सीमित अवसरका लागि लड्छ, तर प्रेरणादायी जनशक्ति नयाँ अवसर सिर्जना गर्छ ।

यसका लागि शिक्षा प्रणालीमा नीतिगत, संरचनात्मक र व्यवहारिक सुधार आवश्यक छ। पाठ्यक्रमलाई जीवनोपयोगी बनाउनुपर्छ, मूल्याङ्कन प्रणालीलाई केवल अंकमा सीमित नराखी समग्र विकासमा आधारित बनाउनुपर्छ। शिक्षकलाई केवल ज्ञान दिने होइन, प्रेरणा दिने मार्गदर्शकका रूपमा विकास गर्नुपर्छ। अभिभावक र समाजले पनि सफलता र असफलताको परिभाषा पुनःनिर्धारण गर्न आवश्यक छ ।

अन्ततः, शिक्षा केवल प्रतिस्पर्धाको माध्यम होइन, जीवन निर्माणको आधार हो। यदि हामीले शिक्षालाई प्रेरणादायी बनाउन सकेनौं भने हामीले केवल दक्ष तर असन्तुष्ट व्यक्तिहरू उत्पादन गर्नेछौं। तर यदि शिक्षा प्रेरणादायी बन्यो भने हामीले सन्तुलित, सृजनशील र जिम्मेवार नागरिक पाउनेछौं, जसले राष्ट्र र विश्वलाई सकारात्मक दिशामा अगाडि बढाउनेछ । त्यसैले अबको शिक्षा प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी हुनु अपरिहार्य छ । रातोपाटीडटकमबाट साभार ।

(लेखकः धनगढी, कैलालीस्थित चैतन्य पाठशालाका अध्यक्ष हुन् ।)

# सभामुख अर्यालसमक्ष प्रतिनिधिसभा नियमावली मस्यौदा प्रतिवेदन प्रस्तुत



काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालसमक्ष प्रतिनिधिसभा नियमावली समिति मस्यौदा समितिको प्रतिवेदन २०८३ बुझाइएको छ । प्रतिवेदनको प्रस्तावनामा प्रतिनिधिसभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, समितिको गठन, कामकारबाही र सदन वा समितिको कार्यविधि नियमित गर्न र परिआएको खण्डमा बाधा अड्काउ फुकाउ नियमावली बनाइएको उल्लेख छ ।

प्रतिवेदनमा प्रतिनिसभाको अधिवेशन र बैठक सञ्चालन, अध्यक्षता, सदस्यको उपस्थिति, बस्ने क्रम, निर्वाचन, शपथ, दैनिक कार्यसूची, कार्यव्यवस्था परामर्श समिति, समयावधि निर्धारण, शून्य र विशेष समय, प्रश्न उत्तरको समय, सूचना दिने समय, सूचना संशोधन, बैठक प्रारम्भ, पालना गर्नुपर्ने नियम, बोल्ने क्रम, नियमापत्ति, निर्णयार्थ प्रश्न पेस गर्ने विधि, विभाजन, सदस्यको निलम्बन र सभामुखको विशेष अधिकारजस्ता विषयवस्तु समेटिएको छ । राष्ट्रपतिबाट सम्बोधन, धन्यवादको प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव, स्थगन प्रस्तावको सूचना, नीति तथा कार्यक्रमसम्बन्धी कार्यविधिजस्ता विषय प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदनमा कार्यपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन मिलाउन संसद् र संसदीय समितिमार्फत दिइने निर्देशन कार्यान्वयन भए नभएकोबारे ३० भित्र खोज्न सक्नेगरी समयसीमा तोकिएको छ । सदन र समितिले दिएका निर्देशन निष्कर्षमा पुर्‍याउन नसक्ने अवस्था रहेमा कार्यपालिकाले समयसीमाभित्रै व्यवस्थापिकालाई जानकारी गराउनुपर्नेछ । सदन र विषयगत समितिमा जनताका तर्फबाट उठेका मुद्दा सामूहिक रूपमा कसरी सम्बोधन गर्ने तथा व्यावहारिक र प्रभावकारी बनाउने भन्ने पक्ष पनि प्रतिवेदनमा समेटिएको छ ।

सभामुख अर्यालले मस्यौदा प्रतिवेदन ग्रहण गर्दै प्रतिनिसभा र मातहतका विषयगत समितिका कामकारबाहीलाई अघि बढाउन प्रस्तुत निमावलीको मस्यौदा प्रतिवेदनले महत्त्वपूर्ण मार्गदर्शन गर्ने बताउनुभयो । उहाँले समितिको अथक प्रयासबाट तोकिएको समयसीमा भित्रै तयार भएको मस्यौदा प्रतिवेदन आगामी सदनमा पेस गरिने बताउनुभयो ।

सभामुख अर्यालले भन्नुभयो, "मस्यौदा प्रतिवेदनमा कहीँ कतै कमी कम्जोरी रहेको खण्डमा सुधार गर्न र संशोधनका लागि समय दिइनेछ । सदनका गतिविधि संविधान, कानुन, नजिर, अभ्यासका आधारमा अघि बढाइनेछ ।" निर्धारित समयभित्रै काम सम्पन्न भएको विषयले आगामी दिनका लागि पनि नजिर बसाल्ने बताउँदै उहाँले समयसीमाभित्रै काम सम्पन्न भएमा आफूलाई गर्व लाग्ने मात्र नभई जनताले त्यसबाट लाभ प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

मस्यौदा समितिका सभापति गणेश पराजुलीले जनतासमक्ष समयमै कानुन बनाएर न्यायको सुनिश्चिता गर्ने वाचा गरेबमोजिम समितिले पनि समयसीमा र क्यालेन्डर बनाएर काम गर्ने व्यवस्था मिलाएको बताउनुभयो । उहाँले कार्यपालिकाले व्यवस्थापिकालाई जवाफदेहिता बनाउने र व्यस्थापिकालाई कार्यपालिकाले बिजनेस दिनुपर्ने प्रमुख दायित्व हो भन्ने विषय सुनिश्चित गरिएको बताउनुभयो । सबै सदस्यको क्षमता, विज्ञता र अनुभव समेटिएकाले संसदीय अभ्यास र गतिविधिलाई व्यवस्थित रूपमा अघि बढाउन मस्यौदा प्रतिवेदन महत्त्वपूर्ण डकुमेन्टका रूपमा रहने उहाँको विश्वास छ ।

पन्ध्र सदस्यीय मस्यौदा समितिले नियमित रूपमा चौधवटा बैठक बसी मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिएको थियो । समितिमा केही विषयमा दलगत अडान रहे पनि ९५ प्रतिशतभन्दा बढी विषय सर्वसम्मत रूपमा अघि बढाइएको सभापति गणेश पराजुलीले जानकारी दिनुभयो । त्यस अवसरमा प्रतिपक्षी सदस्यहरूले संसद्लाई बढी लोकतान्त्रिक, जवाफदेही र उत्तरदायी तुल्याउने विषयमा आफूहरूको पूर्ण रूपमा सहयोग र समर्थन रहने प्रतिबद्धता जनाउनुभयो । रासस

# राज्यका निकायलाई सुदृढ बनाएर सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनुपर्छ : प्रधानमन्त्री शाह



"कुनै पनि कार्य सम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ । विकासमा विषय विज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्,"

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानजस्ता निकायहरूलाई खारेज गर्नुको सट्टा सुधारमार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने स्पष्ट पार्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमा मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताउनुभयो । "यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठूलो सहयोग पुग्नेछ," उहाँले भन्नुभयो ।

नीति अनुसन्धान प्रतिष्ठानका सन्दर्भमा उहाँले भन्नुभयो, "विषय विज्ञ र अनुसन्धानकर्ताको महत्त्व कति रहन्छ भन्ने हामीलाई थाह छ । हामीलाई यस्तो उत्कृष्ट विज्ञता चाहिएको हो, जसले जनप्रतिनिधिले भन्दा पनि गहिरो अध्ययन र दूरगामी सोच प्रस्तुत गर्न सकून् । सरकारले विज्ञहरूको प्राज्ञिक कार्यलाई पूर्ण रूपमा ग्रहण गर्नेछ ।"

प्रधानमन्त्री शाहले कुनै पनि बहानाबाजी नगरी बिना सङ्कोच नतिजा निकाल्ने गरी काम गर्न दुवै निकायलाई निर्देशन दिनुभयो । "कुनै पनि कार्य सम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ । विकासमा विषय विज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्," उहाँले भन्नुभयो ।

मन्त्रालयहरूबीच समन्वय नभएको भन्ने तर्क स्वीकार्य नहुने स्पष्ट पार्दै उहाँले एउटै सरकार मातहत त्यस्तो समस्या हुन नहुने बताउनुभयो । साथै, बजेट र कानुनी जटिलतालाई काम नगर्ने बहानाका रूपमा प्रयोग नगर्न उहाँले सचेत गराउनुभयो । "प्रभावकारी अध्ययन र अनुसन्धानबाट मात्रै परिणाम सम्भव छ । पुराना नीति र ऐनकै भरमा ५० वर्षसम्म काम त चलाउन सकिएला तर सुधार नगरेसम्म देश समृद्ध हुन सक्दैन," प्रधानमन्त्रीको कथन थियो ।

सो अवसरमा अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताउनुभयो । उहाँले विज्ञहरूको ज्ञानलाई सरकारी नीति, कार्यक्रम र बजेटमा रूपान्तरण गर्न निर्देशन दिनुभयो । स्पष्ट लक्ष्य, पर्याप्त बजेट, तोकिएको जिम्मेवारी र मापनयोग्य परिणामसहितका प्रस्तावहरू सम्बन्धित मन्त्रालयमार्फत ल्याउनुपर्नेमा उहाँको विशेष जोड थियो ।

अर्थमन्त्री वाग्लेले विद्यमान संस्थागत संरचनाको सुदृढीकरण, अप्रासङ्गिक प्रावधानहरूको खारेजी र नयाँ आवश्यकताअनुसार नीति विकास गर्ने प्रक्रिया थालनी गरिने जानकारी दिनुभयो । उहाँले नवप्रवर्तनात्मक कार्यक्रमहरूलाई 'पाइलट प्रोजेक्ट' का रूपमा सुरु गरी सफल भएपछि राष्ट्रिय स्तरमा विस्तार गर्ने रणनीतिबारे समेत चर्चा गर्नुभयो ।

छलफलका क्रममा आयोगका पदाधिकारीहरूले आफ्नो क्षेत्रको कार्य प्रगति, चुनौती र बजेटको अवस्थाबारे प्रधानमन्त्रीसमक्ष 'ब्रिफिङ' गर्नुभएको थियो । प्रतिष्ठानका कर्मचारीहरूले हालसम्मका अध्ययन-अनुसन्धान सरकारी कार्य प्रणालीका लागि निकै महत्वपूर्ण रहेको उल्लेख गर्दै थप जनशक्ति र स्रोतसाधनको माग गर्नुभयो । प्रधानमन्त्रीसँगको यस प्रत्यक्ष संवादले आफूहरूलाई थप ऊर्जा र मिहिनेतका साथ काम गर्ने प्रेरणा मिलेको उहाँहरूको भनाइ छ । रासस

# रवि लामिछानेविरुद्धको निवेदन दर्ता गर्न सर्वोच्चद्वारा अस्वीकार



टुडे समाचारदाता

काठमाण्डु । सर्वोच्च अदालतले रवि लामिछानेविरुद्ध पेस गरेको रिट निवेदन दर्ता गर्न अस्वीकार गरेको छ । सर्वोच्च अदालत प्रशासनले आयुष बडालले पेस गरेको निवेदनमाथि दरपीठ (दर्ता गर्न अस्वीकार गर्ने आदेश) गरेको हो । यो आदेशसँगै बडालको निवेदन अस्वीकृत भएको छ ।

तर, उनले अदालत प्रशासनको यो आदेशविरुद्ध सर्वोच्च अदालतमै फेरि अर्को निवेदन दिन पाउँछन् । सर्वोच्च अदालतको एक न्यायधीशको एकल इजलासले त्यो निवेदनको सुनुवाइ गरी दरपीठ आदेश बदर गरेमा अदालत प्रशासनले निवेदन दर्ता गर्नुपर्छ ।

सम्पत्ती शुद्धीकरणको आरोप खेपिरहेका रास्वपा सभापति रवि लामिछानेलाई सांसदको हैसियतले कामकारबाही गर्न रोक लगाउनुपर्ने माग राखी बडालले सर्वोच्चमा रिट निवेदन पेस गरेका थिए ।

# भारतीय चुनावका कारण पूर्वीसीमा ७२ घण्टाका लागि बन्द



झापा । भारतको पश्चिम बङ्गाल प्रान्तमा हुने विधानसभाको चुनावलाई लक्षित गर्दै सोमबार साँझदेखि ७२ घण्टाका लागि पूर्वी सीमानाका बन्द गरिएको छ ।

भारतको दार्जिलिङ जिल्ला प्रशासन कार्यालयले सोमबार साँझ ६:०० बजेदेखि वैशाख १० गते मतदान सम्पन्न नभएसम्म काँकरभिट्टासँग सीमा जोडिएको पानीटङ्की नाकाबाट मानिस तथा सवारीसाधन आवतजावत पूर्ण रूपमा बन्द गरेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो ।

भारतको पश्चिम बङ्गालमा वैशाख १० गते विधानसभाको चुनाव हुँदैछ । विगतमा पनि नेपाल र भारत दुवैतर्फ चुनावअघि सहमतिमा नाकामा आवागमन बन्द गरिँदै आइएको थियो । 'बोर्डर शिल' गरिएको अवधिमा पैदल हिँड्ने सर्वसाधारण र सवारीसाधनको आवतजावत पूर्ण रूपमा बन्द गरिने भए पनि उपचारका लागि बिरामी र अतिजरुरी कामका लागि परिचय देखाएर सीमामा आवतजावत गर्न दिइने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खड्काले जानकारी दिनुभयो ।

नेपाल र बङ्गलादेशका पर्यटकको हकमा आफ्नो मुलुक जानका लागि भारतीय प्रशासनले परिचय खुल्ने कागजपत्र देखाएमा आवतजावतमा सहजीकरण गरिदिने भएको उहाँले बताउनुभयो । रासस

# कांग्रेसमा विशेष महाधिवेशनको बहस अन्त्य भयो: सभापति थापा



बागमती । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अब कांग्रेसमा विशेष महाधिवेशनको बहसलाई अन्त्य भएको बताउनुभएको छ । नेपाली कांग्रेसद्वारा मंगलबार हेटौँडामा आयोजित निर्वाचन समीक्षा बैठकमा उहाँले अदालतको फैसलासँगै कांग्रेसमा विशेष महाधिवेशनको बहस अन्त्य भएकाले सबै एकजुट भई १५औँ महाधिवेशनको तयारीमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीभित्रको गुटबन्दी अन्त्य गर्दै नयाँ पुस्ता र छुटेका समर्थकलाई समेटेर अघि बढ्नुपर्ने बताउँदै सभापति थापाले पार्टीका सबैलाई समेटिएर अघि बढ्ने दायित्व आफूहरूको काँधमा आएको उल्लेख गर्नुभयो । हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको नतिजामा हार भयो भनेर चिन्ता गर्नुभन्दा पनि भविष्यको चिन्तन आवश्यक रहेकामा उहाँले जानकारी दिनुभयो ।

निर्वाचनको नतिजाले कांग्रेसलाई नयाँ अवसर र चुनौती दिएको औँल्याउँदै सभापति थापाले समीक्षाको अर्थ गल्तीमात्र खोज्नु नभएर आगामी यात्रा कसरी सुन्दर र सुनिश्चि गराउन सकिन्छ भन्नेतर्फ सोच्नुपर्ने बताउनुभयो । कांग्रेस देश सम्हाल्ने पार्टी भएकाले कुनै एउटा निर्वाचनमा हार्नेबित्तिकै हतोत्साहित हुनुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ ।

सभापति थापाले निर्वाचनमा हारजित प्राविधिक विषय भएकाले देशको लोकतन्त्र सही ट्र्याक सही ल्याउन निर्वाचनमा हामिएको उल्लेख गर्नुभयो । गत फागुन २१ गते सम्पन्न निर्वाचनमा कांग्रेस हारे पनि देशले जितेर व्यवस्था सही ट्र्याकमा ल्याएको उल्लेख गर्दै उहाँले कांग्रेसले हारे पनि देशले हार्नु हुँदैन भनेर आफ्नो पार्टी निर्वाचनमा गएको बताउनुभयो ।

विसं २०४८ सालयता सार्वजनिक पदमा बसेका सबै व्यक्तिको सम्पत्ति छानबिन हुनुपर्नेमा जोड दिँदै सभापति थापाले दोषी देखिएकाको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने बताउनुभयो । राज्यले विधिको शासन पालन गर्दै गरेको अध्ययन, अनुसन्धानको विरोधमा कांग्रेस सडकमा नआउने प्रष्ट पार्नुभयो ।

जेनजी आन्दोलनको छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन अपूर्ण र पूर्वाग्रही रहेकाले पुनः अनुसन्धान गर्नुपर्ने भन्दै सभापति थापाले घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्नुपर्ने माग सरकारसमक्ष गर्नुभयो ।

बैठकमा कांग्रेसका महामन्त्री प्रदीप पौडेलले निर्वाचनमा भएको कमीकमजोरीको समिक्षा गर्दै आगामी दिनमा नयाँ सोच, नयाँ ऊर्जाका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो । रासस

# पक्राउ परेका विद्यार्थी नेताहरूलाई नि:सर्त रिहा गर्न माग



**टुडे समाचारदाता**

गृहमन्त्री सुधन गुरुङको राजीनामा माग गर्दै शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा पक्राउ परेका विद्यार्थी नेताहरूलाई नि:सर्त रिहा गर्न माग गरेको छ ।

नेपाल विद्यार्थी (नेवि) संघले तत्काल पक्राउ परेका विद्यार्थी नेताहरुलाई रिहा गर्न माग गरेको छ ।

नेविसंघका कार्यवाहक सभापति नविन पौडेलले विज्ञप्ति जारी गर्दै यस्तो माग गरेका छन् ।

विरोध लोकतन्त्रको आत्म भएको भन्दै नेविसंघले शान्तिपूर्ण आन्दोलनमा सहभागी विद्यार्थी नेताहरूलाई तत्काल नि:सर्त रिहा गर्नुपर्ने माग गरेको छ ।

पक्राउ परेका विद्यार्थीहरूलाई अविलम्ब रिहा नगरिए थप सशक्त आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनी उसले दिएको छ ।गृहमन्त्री गुरुङको सम्पत्तिको स्रोत सार्वजनिक गर्नुपर्ने, सत्यतथ्य स्पष्ट पार्न तथा तत्काल राजीनामा दिई निष्पक्ष अनुसन्धानमा सहयोग गर्नुपर्ने नेविसंघले माग गरेको छ ।

गृहमन्त्री गुरुङको राजीनामा माग गर्दै विरोध प्रदर्शन गर्ने क्रमममा नेविसंघका केन्द्रीय सदस्य भुवन भट्ट,सीटीईभीटी अध्यक्ष कुम्मरोज देउवा तथा विद्यार्थी नेताहरू नवीन विष्ट, आकाश देवकोटा, सुशील ऐडी र विसाल बिसीलाई पक्राउ गरेको नेविसंघले जनाएको छ ।

# मन्त्रिपरिषद् बैठकको निर्णय : धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि तीन सदस्यीय सिफारिस समिति गठन



काठमाण्डु । सरकारले नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि तीन सदस्यीय सिफारिस समिति गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद्को बैठकले बोर्डको अध्यक्ष नियुक्ति गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टको संयोकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

समितिमा अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्याय र भुवनकुमार दाहाल सदस्य रहनुभएको छ ।

मन्त्रिपरिषद्को बैठकले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्ष पदमा डिल्लीराज आचार्य तथ सदस्यमा नवराज सिम्खडा र रोशनबहादुर शाक्यलाई नियुक्ति गर्ने निर्णय गरेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो ।

बैठकले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ । त्यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय पनि बैठकले गरेको छ ।

मन्त्रिपरिषद्को बैठकले मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ। रासस

# तोडफोड गर्ने सांसदबाटै क्षतिपूर्ति भराइने



**टुडे समाचारदाता**

काठमाण्डु । संसद्मा तोडफोड गरे तोडफोडमा संलग्न सांसदबाटै क्षतिपूर्ति भराइने भएको छ ।

प्रतिनिधिसभा नियमावलीमा यस्तो व्यवस्था छ। नियमावलीको नियम ३३ मा सुव्यवस्था कायम राख्ने सभामुखको विशेष अधिकार हुने व्यवस्था छ ।

नियम ३३ को उपनियम ४ मा भनिएको छ, 'यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले बैठकमा आपत्तिजनक वा ध्वंसात्मक व्यवहार गरेको वा बैठक कक्षमा भौतिक हानी नोक्सानी पुर्‍याएको कुरा सभामुखलाई बैठक सम्पन्न भएपछि थाहा भए पनि सभामुखले त्यस्तो सदस्यलाई बढीमा १५ दिनसम्मका लागि निलम्बन गरी क्षति भएको भौतिक सामग्रीको क्षतिपूर्ति निजबाट भराउने आदेश दिन सक्नेछ ।'

तर सभामुखले यसरी कारबाहीको आदेश दिनुभन्दा अगाडि सम्बन्धित सदस्यलाई आफ्नो सफाइ पेस गर्ने उचित मौका दिनुपर्ने प्रावधान सँगै राखिएको छ ।

विगतमा संसद्मा तोडफोडका घटना समेत भएका उदाहरण छन् । कुर्सी भाँच्ने लगायतका कार्य भएका उदाहरण छन् ।

यस्तो घटना दोहोरिन नदिन नियमावलीमा कडाइ गर्ने प्रावधानहरू राखिएका छन् ।

संसद् बैठकमा कुनै सदस्यले बैठक कक्षमा शान्ति, सुव्यवस्था तथा अनुशासन भंग गरेमा वा गर्न लागेमा सभामुखले रोकिन आदेश दिनेछन् ।

सांसदले सभाको प्रतिष्ठामा आँच आउने किसिमले बैठक कक्षभित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानी नोक्सानी पुर्‍याएमा सभामुखले निजलाई बैठक कक्षबाट तत्काल निष्काशन गर्न मर्यादापालकलाई आदेश दिन सक्नेछन् ।

यसरी निष्काशित सदस्यलाई सभामुखले बढीमा १५ दिनसम्मका लागि निलम्बन गरी क्षति भएको भौतिक सामग्रीको क्षतिपूर्ति निजबाट भराउने आदेश दिन सक्नेछन् ।

# युद्धविराममाथि सङ्कट, अमेरिका-इरान तनाव चुलिँदै



तेहरान । अमेरिका र इरानबीच जारी युद्धविराम अन्त्यतिर पुग्दै गर्दा दुवै पक्षले युद्धका लागि तयार रहेको चेतावनी दिएका छन् । वार्ताको भविष्य अन्योलमा परिरहेका बेला कूटनीतिक प्रयासहरू पुनः पाकिस्तानमा केन्द्रित हुने सङ्केत देखिए पनि तेहरानले सहभागिताबारे स्पष्ट धारणा सार्वजनिक नगरेपछि स्थिति अझ जटिल बनेको छ ।

ह्वाइट हाउसका अनुसार उपराष्ट्रपति जेडी भान्स इस्लामाबाद फर्केर दोस्रो चरणको वार्ता अघि बढाउने तयारीमा रहनुभएको छ । तर इरानले अमेरिकी कदमप्रति गम्भीर असन्तुष्टि जनाउँदै वार्तामा सहभागी हुने वा नहुने विषयमा मौनता कायम राखेको छ । तेहरानले अमेरिकामाथि आफ्ना बन्दरगाहहरूमा नाकाबन्दी लगाएर र एक जहाज नियन्त्रणमा लिएर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएको छ ।

इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले अमेरिकाले वार्तालाई दबाबको माध्यम बनाउन खोजेको आरोप लगाउँदै खतराको वातावरणमा वार्ता स्वीकार्य नहुने बताउनुभयो । उहाँका अनुसार पछिल्ला दुई सातामा इरानले युद्धक्षेत्रमा नयाँ रणनीति देखाउने तयारी गरिरहेको छ । यसैबीच, इरानको रिभोलुसनरी गार्ड्सले होर्मुज जलडमरूमध्यबाट अनुमतिबिना पार गर्ने जहाजहरूलाई निशाना बनाइने चेतावनी दिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानमाथि जल डमरूमध्य क्षेत्रमा जहाजहरूलाई अवरोध गरेर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउनुभएको छ । उहाँका अनुसार फेब्रुअरी २८ मा अमेरिका र इजरायलले सुरु गरेको युद्धपछि इरानले विश्वको करिब पाँचौं भाग तेल ओसार पसार हुने मार्ग अवरुद्ध गरेको छ । ट्रम्पले सामाजिक सञ्जालमार्फत नाकाबन्दीले इरानलाई कमजोर बनाइरहेको दाबी गर्दै समझदारी नभएसम्म दबाब जारी रहने सङ्केत दिनुभयो । युद्धविरामको समयसीमा सकिन लाग्दा वार्तामा सहभागी हुने विषयमा ट्रम्पले इरान तयार हुनुपर्ने बताउनुभयो । उहाँले युद्धविराम समाप्त भए ठूलो स्तरमा आक्रमण सुरु हुनसक्ने चेतावनी दिनुभयो । यद्यपि युद्धविराम केही समय थपिने सम्भावना न्यून रहेको उहाँको भनाइ छ ।

युद्धको जोखिमबीच अन्तर्राष्ट्रिय बजारमा भने तेलको मूल्य घट्दो क्रममा देखिएको छ । अमेरिका-इरानबीच सहमति भएर होर्मुज जल डमरूमध्य पुनः सञ्चालनमा आउने आशाले बजार प्रभावित भएको विश्लेषण गरिएको छ । तेहरानमा युद्धविरामपछि केही सामान्य जीवन फर्किएको देखिए पनि सर्वसाधारणमा अनिश्चितता र आर्थिक दबाब अझै कायम छ । स्थानीय बासिन्दाहरूले अवस्था सहज नभएको र अर्थतन्त्र निकै कमजोर रहेको बताएका छन् ।

यसैबीच, इजरायल र लेबनानबीच छुट्टै युद्धविराम घोषणा भइसकेको छ, जसमा हिजबुल्लाह पनि संलग्न छ । दुवै पक्षबीच वासिङ्टनमा पुनः वार्ता हुने तयारी भइरहेको छ । तर दक्षिणी लेबनानमा छिटपुट हिंसा जारी रहेको र इजरायलले केही क्षेत्रमा नागरिकलाई नफर्कन चेतावनी दिएको छ ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले लेबनानमा एक फ्रान्सेली शान्तिरक्षकको हत्या भएको घटनाको निन्दा गरेको छ । उक्त घटनामा हिजबुल्लाहलाई दोष दिइएको छ । इजरायल-हिजबुल्लाह द्वन्द्वका कारण लेबनानमा हालसम्म हजारौँको ज्यान गइसकेको सरकारी तथ्याङ्कले देखाएको छ ।

अमेरिका-इरान वार्ताको अर्को महत्त्वपूर्ण मुद्दा इरानको समृद्ध युरेनियम भण्डार पनि हो । ट्रम्पले इरान उक्त भण्डार हस्तान्तरण गर्न सहमत भएको दाबी गर्नुभएको थियो । तर इरानले उक्त दाबी अस्वीकार गर्दै युरेनियम कतै हस्तान्तरण नगरिने स्पष्ट पारेको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताले यस्तो विषय वार्तामा कहिल्यै विकल्पका रूपमा नउठाइएको बताउनुभयो । रासस

# क्रिकेट रङ्गशाला निर्माणमा ढिलाइ



चितवन । गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणमा ढिलाइ भएको छ । भरतपुर महानगरपालिका-१५ रामपुरमा निर्माणाधीन रङ्गशाला ठेक्का म्याद सकिन आठ महिना बाँकी रहँदा ५० प्रतिशतमात्र सम्पन्न भएको हो ।

विसं २०८१ असारमा ३० महिनामा काम सम्पन्न गर्नेगरी भरतपुर महानगरपालिकाले हिमालयन कालिञ्चोक बिबीआर जेभीलाई ठेक्का दिएको थियो । विसं २०८३ पुस २२ भित्र काम सक्नेगरी कुल ७५ करोड ५० लाख ९१ हजार १८९ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

महानगरपालिकाका डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार हालसम्म एउटा टावरको काम लगभग सकिएको छभने अर्को टावरको दोस्रो तलाको ढलान भएको छ । चारवटा प्यारापिटमध्ये एउटाको काम सकिएको छ । दुईवटाको ढलान भएको र बाँकी एउटाको काम सुरु भएको छ ।

मैदान निर्माण सुरु गरिएको छ । मैदानमा पाँचवटा पिच बनाउने तयारी भइरहेको छ । यससँगै मैदानसम्म पुग्ने बाटो, मैदान र पिच बनाउने कामसँगै अघि बढेको छ । साथै भूमिगत पावर केवल, प्लम्बिङलगायतका काम भइरहेको छ । बागमती प्रदेश सरकारले कुल ठेक्का रकमको ७० प्रतिशत व्यहोर्ने जनाइएको छ । आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घीय सरकारले २५ करोड रुपैयाँ र भरतपुर महानगरपालिकाले चार करोड ८० लाख रुपैयाँ विनियोजन गरेर आयोजना अघि बढाइएको हो । चालु आर्थिक वर्षमा महानगरले चार करोड रुपैयाँ विनियोजन गरेको छ ।

महानगरका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले काम छिटो गर्न र समयमा सक्न निर्माण कम्पनीलाई ताकेता गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले गर्नुपर्ने काममा कुनै समस्या छैन । कामलाई तीव्रता दिन निर्माण कम्पनीलाई भनेका छौँ ।" सङ्घीय र प्रदेश सरकारसँग रङ्गशाला निर्माणका लागि आवश्यक बजेट माग गरिरहेको पनि उहाँले बताउनुभयो ।

धुर्मस-सुन्तली फाउन्डेसनले रङ्गशाला निर्माण गर्न नसकेपछि महानगरपालिकालाई हस्तान्तरण गरेको थियो । यससँगै महानगरपालिकाले प्रदेश र सङ्घसँग सहकार्य गरेर काम अघि बढाएको हो । रासस

# हतियार निर्यातमा जापानको ऐतिहासिक मोड

रासस/एएफपी । जापानले आफ्नो परम्परागत शान्तिवादी नीति र नयाँ सुरक्षा यथार्थबीच सन्तुलन खोज्दै वैश्विक रक्षा भूमिकातर्फ अगाडि बढ्ने सङ्केत दिएको छ । दशकौँदेखि कायम रहेको कडा शान्तिवादी नीतिमा महत्त्वपूर्ण मोड ल्याउँदै जापानले हतियार निर्यातसम्बन्धी आफ्ना नियमहरू उल्लेखनीय रूपमा सहज बनाउने निर्णय गरेको छ ।

बदलिँदो सुरक्षा चुनौती र आर्थिक हितलाई सन्तुलनमा राख्ने प्रयासस्वरूप गरिएको यो



नीतिगत परिवर्तनले जापानलाई अन्तर्राष्ट्रिय रक्षा बजारमा सक्रिय रूपमा प्रवेश गर्ने बाटो खोल्ने अपेक्षा गरिएको छ ।

सरकारका शीर्ष प्रवक्ता मिनोरु किहाराले मङ्गलबार पत्रकार सम्मेलनमा नयाँ व्यवस्थाले घातक हतियारहरूको बिक्रीका लागि समेत मार्ग प्रशस्त गर्ने बताउनुभयो । उहाँले जापान वरपरको सुरक्षा वातावरण तीव्र रूपमा परिवर्तन भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा देशको सुरक्षा सुदृढ पार्नुका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय स्थिरतामा योगदान पुऱ्याउने उद्देश्यले निर्णय गरिएको स्पष्ट पार्नुभयो । उहाँका अनुसार अहिलेको विश्व परिवेशमा कुनै पनि राष्ट्रले एक्लै आफ्नो सुरक्षा सुनिश्चित गर्न सक्ने अवस्था नरहेको धारणा बलियो बन्दै गएको छ ।

यसअघि जापानले हतियार निर्यातलाई खोज तथा उद्धार, यातायात, चेतावनी, निगरानी र माइनस्वीपिङजस्ता सीमित पाँच श्रेणीका उपकरणहरूमा मात्र सीमित राखेको थियो । तर प्रधानमन्त्री साने ताकाइचीले सामाजिक सञ्जालमार्फत अब सैद्धान्तिक रूपमा सबै प्रकारका रक्षा उपकरणहरूको स्थानान्तरण सम्भव हुने सङ्केत दिनुभयो । यसले जापानको रक्षा नीतिमा संरचनात्मक परिवर्तन आएको स्पष्ट देखिन्छ ।

यो परिवर्तनलाई समर्थन गर्नेहरूका अनुसार जापानले अन्तर्राष्ट्रिय रक्षा आपूर्ति शृङ्खलामा थप एकीकृत भएर साझेदार राष्ट्रहरूसँगको कूटनीतिक, सुरक्षा र आर्थिक सम्बन्धलाई अझ मजबुत बनाउन सक्नेछ । चीनको बढ्दो सैन्य गतिविधि, उत्तर कोरिया र रुसबाट उत्पन्न भइरहेका सुरक्षा चुनौतीहरूले यस्तो निर्णयको पृष्ठभूमि तयार गरेको विश्लेषण गरिएको छ ।

यद्यपि, यस कदमले जापानभित्रै मिश्रित प्रतिक्रिया उत्पन्न गरेको छ । आलोचकहरूले प्रधानमन्त्री ताकाइचीमाथि देशको लामो समयदेखिको शान्तिवादी पहिचान कमजोर बनाएको आरोप लगाएका छन् । दोस्रो विश्वयुद्धपछिको नीतिगत आधारमा विकसित भएको जापानको शान्तिवादलाई यसले असर पार्ने चिन्ता व्यक्त गरिएको छ ।

सरकारले भने यो नीति मन्त्रिपरिषद् र राष्ट्रिय सुरक्षा परिषद्बाट अनुमोदित भइसकेको जनाएको छ । रक्षा मामिला तथा हतियार नियन्त्रणका विज्ञ हेइगो सातोका अनुसार यस्तो नीतिले सहयोगी राष्ट्रहरूबीच हतियार र गोलाबारुदको सहज आदानप्रदान सुनिश्चित गर्ने प्रणाली निर्माण गर्न मद्दत गर्नेछ । उहाँले शान्तिको वर्तमान समयलाई दीर्घकालीन सुरक्षा तयारीका लागि उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सातोका अनुसार हतियार निर्यातले नियमित मर्मतसम्भारको आवश्यकता सिर्जना गर्ने भएकाले रक्षा उद्योगलाई स्थिर व्यापारिक आधार उपलब्ध हुनेछ र क्रेता राष्ट्रहरूसँगको सम्बन्ध पनि बलियो बन्नेछ । साथै, दुईतर्फी हतियार आदानप्रदानले भविष्यमा अप्रत्याशित र दीर्घकालीन द्वन्द्वको अवस्थामा सहयोगी राष्ट्रहरूबाट सहयोग प्राप्त गर्ने सम्भावना पनि बढाउने उहाँको तर्क छ ।

सन् १९७६ देखि लागू गरिएको कडा निर्यात प्रतिबन्धलाई क्रमिक रूपमा खुकुलो बनाउने प्रक्रियाको यो पछिल्लो कदम हो । प्रधानमन्त्री ताकाइचीले निर्यात गरिने हतियारहरू संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुसार प्रयोग गर्ने प्रतिबद्धता जनाएका देशहरूमा मात्र सीमित गरिने बताउनुभयो ।

# युरेनियम पुनःप्राप्ति कठिन हुने ट्रम्पको चेतावनी



रासस/एएफपी । आणविक संरचनामाथिको सैन्य हस्तक्षेपपछि उत्पन्न अवस्था र युरेनियम पुनःप्राप्तिको जटिलताले अमेरिका-इरानबीचको रणनीतिक द्वन्द्व अझै लम्बिने सङ्केत देखिएको छ ।

इरानको आणविक संरचनामाथि गरिएको अमेरिकी आक्रमणपछि त्यहाँको समृद्ध युरेनियम पुनः प्राप्त गर्नु जटिल र दीर्घ प्रक्रिया हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताउनुभएको छ । उहाँको यो अभिव्यक्तिले इरानको आणविक कार्यक्रममाथि जारी तनावबीच थप अनिश्चितता र रणनीतिक चुनौती उजागर गरेको छ ।

ट्रम्पले आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत 'अपरेसन मिडनाइट ह्यामर' लाई इरानका आणविक स्थलहरूको पूर्ण विनाशको रूपमा चित्रण गर्नुभयो । उहाँका अनुसार ती संरचनाहरू ध्वस्त पारिएपछि त्यहाँ रहेको सामग्री पुनः उत्खनन गर्नु अब 'लामो र गाह्रो प्रक्रिया' बन्न पुगेको छ ।

अमेरिकी राष्ट्रपतिले इरानको समृद्ध युरेनियमलाई जनाउन 'आणविक धुलो' भन्ने शब्द बारम्बार प्रयोग गर्दै आउनुभएको छ । यो शब्दावलीले तेहरानले आणविक हतियार निर्माणका लागि युरेनियम भण्डारण गरिरहेको भन्दै अमेरिकाले इरानमाथि लगाउँदै आएको आरोपलाई सङ्केत गर्छ । साथै, उहाँले कहिलेकाहीँ गत वर्ष जुनमा इरानका आणविक केन्द्रहरूमा गरिएको अमेरिकी बम आक्रमणपछि बाँकी रहेको अवशेषलाई पनि यही शब्दबाट व्याख्या गर्ने गर्नुभएको छ ।

इरानले भने आफ्नो युरेनियम भण्डार हस्तान्तरण गर्ने कुनै योजना नरहेको स्पष्ट पारिसकेको छ । तर ट्रम्पले अन्ततः उक्त भण्डार अमेरिकी नियन्त्रणमा आउने दाबी दोहोऱ्याउनुभएको छ ।

इरानको आणविक कार्यक्रमलाई इजरायलले 'अस्तित्वकै खतरा' का रूपमा व्याख्या गर्दै आएको छ । यही सन्दर्भमा संयुक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि संयुक्त सैन्य आक्रमण सुरु गरेका थिए । उक्त आक्रमणले क्षेत्रीय तनावलाई तीव्र बनाएको थियो ।

इजरायली अधिकारीहरूका अनुसार गत वर्ष जुनमा १२ दिनसम्म चलेको युद्धपछि इरानले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने प्रयास गरेको थियो ।

# बैतडीमा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड सुरु

बैतडी । मंगलबारदेखि १६औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु




भएको छ । बैतडीको निङ्गलाशैनी खेलमैदानदेहीमाण्डौँमा सुरुभएको प्रतियोगिताको सुदूरपश्चिम प्रदेशका उद्योग, वन तथा वातावरणमन्त्री शिवराज भट्टले उद्घाटन गर्नुभयो ।

जिल्ला खेलकुद समिति र दशरथचन्द नगरपालिकाको संयुक्त आयोजनामा सुरु भएको प्रतियोगिता वैशाख ९ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा छात्र/छात्रा भलिबल, कबड्डी, एथलेटिक्स, मार्सल आर्टका खेलहरू हुने जिल्ला खेलकुद समितिका कार्यालय प्रमुख तर्कराज जोशीले जानकारी दिनुभयो ।

जिल्लास्तरीयरनिङशिल्डमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रदेशस्तरीय छनोटका लागि जिल्लाको टोलीमा समावेश गरिने बैतडी जिल्ला खेलकुद समितिका अध्यक्ष भूपेन्द्र चन्दले जानकारी दिनुभयो । गत वर्ष सम्पन्न १५औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि पुर्चौंडी नगरपालिकाले जितेको थियो । रासस

# लक्सनलाई पार्टीको पुनः समर्थन

रासस/एएफपी । लगातार घट्दो जनसमर्थन र पार्टीभित्र बढ्दो असन्तुष्टिबीच न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सन अन्ततः नेतृत्व जोगाउन सफल हुनुभएको छ । मङ्गलबार भएको आन्तरिक मतदानले उहाँ अझै पार्टीको विश्वासमा रहेको सन्देश दिएको छ, यद्यपि राजनीतिक चुनौती भने कायम देखिएको छ ।



केन्द्र-दक्षिणपन्थी नेसनल पार्टीका नेता लक्सनले नोभेम्बरमा हुने आम चुनावअघि पार्टीको कमजोर जनमत सर्वेक्षणका कारण नेतृत्वमाथि प्रश्न उठेपछि विश्वासको प्रस्ताव अघि सार्नुभएको थियो । करिब तीन घण्टा चलेको ककस बैठकपछि उहाँले आफूले प्रस्तावित विश्वास मत पारित भएको जानकारी दिनुभयो ।

"मैले मेरो नेतृत्वप्रति विश्वासको औपचारिक प्रस्ताव पेस गरेको थिएँ", उहाँले भन्नुभयो, "त्यो प्रस्ताव पारित भएको छ र यसले मलाई नेताका रूपमा मेरो ककसको समर्थन रहेको पुष्टि गरेको छ ।"

यद्यपि, उहाँले कति मतले जित हासिल गर्नुभयो भन्ने खुलाउनुभएन । मतदान प्रक्रिया गोप्य राखिएको थियो र अन्तिम मत परिणाम स्वयं उहाँलाई पनि सार्वजनिक नगरिएको बताइएको छ । बैठकमा सहभागी सांसदहरूले मात्र मतदान गर्न पाएका थिए भने खराब मौसमका कारण वेलिङ्गटनतर्फका धेरै उडान रद्द हुँदा केही सदस्यहरू उपस्थित हुन सकेनन् ।

पछिल्ला महिनाहरूमा लक्सनको नेतृत्वबारे प्रश्नहरू बढिरहेका थिए । जनमत सर्वेक्षणमा उहाँको पार्टी ३० प्रतिशतभन्दा तल झरेको छ भने उहाँको व्यक्तिगत लोकप्रियता पनि घट्दो क्रममा देखिएको छ । यसै सन्दर्भमा केही सांसदहरू असन्तुष्ट रहेको र आगामी निर्वाचनमा पुनः निर्वाचित हुने सम्भावना कमजोर भएको चर्चा चलेको थियो ।

यस्ता अड्कलबाजीलाई लक्सनले 'मिडिया सोप ओपेरा' भन्दै अस्वीकार गर्नुभयो । उहाँले अनुमान र हल्लामा आफू संलग्न नहुने स्पष्ट पार्दै अब पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउनेमा जोड दिनुभयो ।

यातायातमन्त्री क्रिस बिशपले पनि नेतृत्व परिवर्तनको सम्भावनाबारे उठेका चर्चाहरूलाई खारेज गर्दै अन्ततः लक्सनलाई समर्थन गरेको बताउनुभयो । उहाँका अनुसार पार्टीभित्र 'राम्रो, इमानदार र बलियो' छलफलपछि सबैजना एकजुट भएर अघि बढ्ने सहमति बनेको हो ।

अर्थमन्त्री तथा उपनेता निकोला विलिसले यो मतदानले ककसबाट स्पष्ट सन्देश गएको बताउनुभयो, यद्यपि उहाँले पनि मत परिणामबारे जानकारी नभएको स्वीकार गर्नुभयो ।

तर गठबन्धन सरकारका साझेदार तथा विदेशमन्त्री विन्स्टन पिटर्सले भने यस्तो विश्वास मतलाई 'अहंकारी फोहोर' को संज्ञा दिँदै आलोचना गर्नुभयो ।

यस घटनाले लक्सन तत्कालका लागि नेतृत्व सुरक्षित गर्न सफल भए पनि कमजोर जनसमर्थन र आन्तरिक दबाबका कारण आगामी चुनावअघि उहाँका लागि राजनीतिक परीक्षा अझै बाँकी रहेको सङ्केत गरेको छ ।

## इटहरी गोल्डकपः
# युवा समाज मोरङलाई उपाधि

धरान । सोह्रौं संस्करणको अन्तरराष्ट्रिय आमन्त्रण रेडबुल इटहरी गोल्डकप फुटबल प्रतियोगिताको उपाधि युवा समाज गछिया मोरङले जितेको छ । सोमबार इटहरीस्थित रङ्गशालामा सम्पन्न फाइनल खेलमा प्लानिङ ब्वाइज युनाइटेड काठमाडौँलाई १-० गोलअन्तरले पराजित गर्दै युवा समाज गछियाले उपाधि हात पारेको हो ।




खेलको ८७औँ मिनेटमा युवा समाजका खेलाडी दोर्जे तामाङले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । त्यसपछि बाँकी समयमा दुवै टोलीले थप गोल गर्न नसकेपछि तामाङको गोल निर्णायक बन्न पुग्यो ।

प्रतियोगिता संयोजक अनुरोध थापाका अनुसार उपाधिसँगै युवा समाज गछियाले रु १० लाख नगद, ट्रफी र मेडल प्राप्त गरेको छ भने उपविजेता बनेको प्लानिङ ब्वाइज युनाइटेड काठमाडौँले रु पाँच लाख नगदसहित ट्रफी प्राप्त गरेको छ ।

प्रतियोगितामा उत्कृष्ट डिफेन्डरतर्फ प्लानिङ ब्वाइजका निङमा घिसिङ, उत्कृष्ट मिडफिल्डरतर्फ प्रतापसिंह राई र उत्कृष्ट प्रशिक्षकतर्फ युवा समाज गछियाका प्रशिक्षक अर्जुन बस्नेतलाई जनही रु २० हजार पुरस्कार प्रदान गरिएको छ ।

त्यसैगरी सर्वाधिक गोलकर्तातर्फ प्लानिङ ब्वाइजका फागुराम थारूलाई रु २५ हजार तथा सर्वोत्कृष्ट खेलाडीतर्फ युवा समाज गछियाका सुजन चौधरीलाई रु एक लाख नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ ।

गत चैत ३० गतेदेखि राष्ट्रिय जागृति क्लब इटहरीको आयोजनामा सञ्चालन भएको उक्त प्रतियोगितामा नेपाल र भारतका गरी आठ समूहको सहभागिता थियो । रासस

# इलाम गोल्डकपः मच्छिन्द्र क्लब सेमिफाइनलमा प्रवेश

मङ्गलबारे । यहाँ जारी तेस्रो इलाम गोल्डकपअन्तर्गत आज मच्छिन्द्र क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । एन पेनाङ मलेसियालाई टाइब्रेकरमा हराउँदै मच्छिन्द्र क्लब सेमिफाइनलमा प्रवेश गरेको हो ।

मंगलबार भएको खेलमा मच्छिन्द्रले एन पेनाङलाई ३-२ गोलअन्तरले पराजित गरेको हो । खेलको निर्धारित ९० मिनेटको अवधिमा दुवै तर्फबाट गोल नभएपछि टाइब्रेकरमा निर्णय लिइएको थियो । मच्छिन्द्रका सनिश श्रेष्ठ, मिलन चाम्लिङ र देवेन्द्र तामाङले गरेको प्रहार गोलमा परिणत भएको थियो । एन पेनाङका ओलाए र पाउलले गोल गरेका थिए ।

आजको खेलमा म्यान अफ दी म्याच मच्छिन्द्र क्लबका गोलकिपर प्रदीप भण्डारी घोषित भएका छन् । उनले ट्रफी र रु आठ हजार एक नगद पुरस्कार प्राप्त गरेका हुन् । मङ्गलबार अन्तिम क्वार्टरफाइनल खेलअन्तर्गत एनआरटी र चित्लाङ फुटबल क्लब काठमाडौँबीच प्रतिस्पर्धा हुने आयोजक रेडहर्ष फुटबल क्लबले जनाएको छ ।

यही वैशाख १२ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाख प्राप्त गर्नेछन् । प्रतियोगितामा आठवटा टिमको सहभागिता छ । रासस

# विद्युत् महसुल नतिर्ने दुईसय ७७ जना कालोसूचीमा

चितवन । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र भरतपुरले चालु आर्थिक वर्षमा २७७ ग्राहकलाई कालोसूचीमा राखेको छ । लामो समयसम्म विद्युत् महसुल नतिर्ने ती ग्राहकलाई केन्द्रले कालोसूचीमा राखेको हो ।

उनीहरूबाट रु एक करोड चार लाख १७ हजार ३८१ बक्यौता उठान बाँकी रहेको केन्द्रका सूचना अधिकारी नन्दराम विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार लामो समयसम्म बक्यौता नतिरेका उनीहरूलाई कालोसूचीमा राखेर कारबाही प्रक्रिया अघि बढाइएको हो । केन्द्रले बक्यौता उठाउनका लागि यस आर्थिक वर्षमा एक हजार ८२६ जना ग्राहकको विद्युत् लाइन काटेको




छ । छ महिनासम्म पनि विद्युत् महसुल नतिरेका ग्राहकको लाइन काटिएको उहाँले बताउनुभयो ।

केन्द्रमा हाल ७४ हजार ८७६ ग्राहक रहेका छन् । ती ग्राहकबाट रु ४९ करोड चार लाख १० हजार ४३७ बक्यौता उठाउन बाँकी रहेको उहाँले जानकारी दिनुभयो । बक्यौता असुलीका लागि कार्यालयले लाइन काट्ने, सेवाग्राहीलाई सूचित गर्नेलगायतका काम गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “बक्यौता असुलीका लागि कर्मचारीहरूले नियमित रुपमा काम गरिरहेका छन् ।” रासस

# एकैदिन ५३ फर्ममा अनुगमन

काठमाण्डु । बजार अनुगमनलाई प्रभावकारी बनाउँदै उपभोक्ताको अधिकार संरक्षण गर्न




वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले थप सक्रियता बढाएको छ। कम मात्रामा फर्म वा व्यापारिक प्रतिष्ठानमा अनुगमन गर्दै आएको विभागले पछिल्ला दिनमा एकैपटक ठूलो सङ्ख्यामा अनुगमन गर्दै आएको हो ।

यसै क्रममा विभागले आजमात्रै काठमाडौँ महानगरपालिका-१ दरबारमार्ग र वडा नं ३० को कमलपोखरी क्षेत्रका व्यावसायिक प्रतिष्ठान, फर्ममा अनुगमन गरेको छ । अनुगमनपछि विभागले सबै फर्मलाई सुधारात्मक निर्देशन दिएको छ ।

उपभोक्ता अधिकारकर्मी तथा सरोकार भएका निकायका प्रतिनिधिको उपस्थितिमा विभागले नियमित अनुगमन गर्दै आएको जनाएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन एवं कारबाही गरिएको विभागले जनाएको छ । रासस

# डण्डा खोलामा फोहर रोक: वैकल्पिक व्यवस्था नभएसम्म स्रोतमै फोहर व्यवस्थापन गर्न आग्रह

भैरहवा । सर्वोच्च अदालतले रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-१ स्थित डण्डा खोलामा फोहर नफाल्न अन्तरिम आदेश जारी गरेसँगै सिद्धार्थनगर नगरपालिकाको फोहर व्यवस्थापन अन्यौलमा परेको छ ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र शान्तिसिंह थापाको इजलासले उक्त क्षेत्रमा डम्पिङ साइट सञ्चालन नगर्न र फोहर नफाल्न आदेश दिएको हो। सो आदेशपछि नगरपालिकाले तत्कालका लागि फोहर व्यवस्थापनमा समस्या उत्पन्न भएको जनाएको छ । सोमबार बिहान फोहर बोकेर डण्डा खोलातर्फ गएका नगरपालिकाका ट्र्याक्टरहरू स्थानीय अवरोधका कारण फोहर नफाली फर्किएका थिए । नगरपालिकाका सूचना अधिकारी देव ज्ञवालीका अनुसार अदालतको आदेशको औपचारिक पत्र नआए पनि स्थानीयले आदेशको हवाला दिँदै प्रवेश रोकेपछि फोहर व्यवस्थापन प्रभावित भएको हो ।



“हाल डम्पिङसाइट प्रयोग गर्न नसक्ने अवस्था रहेकाले वैकल्पिक व्यवस्था नभएसम्म फोहर उठाउने कार्य अन्यौल भएको छ”, ज्ञवालीले भन्नुभयो, “हामीले यहाका सङ्घ संस्था र नगरवासीलाई तत्कालको लागि आफ्नै स्रोतमा फोहर व्यवस्थापन गर्न अनुरोध गरेका छौँ ।” नगरपालिकाले घरधुरी, व्यावसायिक प्रतिष्ठान तथा होटल व्यवसायीलाई फोहर छुट्याएर सुरक्षित रुपमा व्यवस्थापन गर्न आग्रह गरेको छ । सिद्धार्थ उद्योग वाणिज्य सङ्घ तथा होटल व्यवसायी सङ्घले समेत आफ्ना सदस्यहरूलाई आ-आफ्नो फोहर स्वयं व्यवस्थापन गर्न अपिल गरेका छन् ।यसअघि अनियन्त्रित रुपमा फोहर फालिँदा डण्डा खोलामा दुर्गन्ध र प्रदूषण बढेको भन्दै अधिवक्ता विवेक बख्रेल र कानुनकी विद्यार्थी अञ्जली सिलवालले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो । सोही रिटमाथि सुनुवाइ गर्दै अदालतले अन्तिम निर्णय नहुँदासम्मका लागि फोहर फाल्न रोक लगाएको हो । नगरपालिकाले दीर्घकालीन समाधानका लागि वैकल्पिक डम्पिङसाइटको खोजी तथा फोहर प्रशोधन केन्द्र स्थापना गर्ने विषयमा छलफल अघि बढाएको जनाएको छ । रासस

# सम्झौता म्याद सकिएको एक वर्षमा बनेन पुल

मान्म । निर्माण सम्झौताको म्याद सकिएको एक वर्ष बित्दा पनि यहाँको पलाँता र पचालझरना गाउँपालिकालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने पक्की पुल निर्माण भएको छैन । पलाँता गाउँपालिकालाई पूर्ण रूपमा तथा पचालझरना गाउँपालिकाका-१ देखि ५ नं वडासम्म राष्ट्रिय सञ्जालसँग जोड्ने सो पुल निर्माणको ठेक्का सम्झौता म्याद सकिँदा समेत काम नभएको हो ।

कर्णाली प्रदेश सरकारबाट आयोजना स्वीकृत भई भौतिक पूर्वाधार विकास कार्यालय कालीकोटले ठेक्का सम्झौता गरेको थियो । तर हालसम्म पुल निर्माण गर्ने स्थानमा खाल्डो खन्नेबाहेक कुनै काम भएको छैन । पुल निर्माणका लागि श्री हिराचन-क्याराभान सुपरस्टार जेभी, गोपिकृष्णनगर-७ काठमाडौँले ठेक्का लिई २०७७ असोज १३ गते सम्झौता गरेको थियो ।

सम्झौताअनुसार २०८१ चैत २५ गतेभित्र पुल निर्माण सम्पन्न गर्नुपर्ने थियो । समयमा काम गराउन धैरै प्रयास गरिएको तर निर्माण व्यवसायीले अटेर गरेको भौतिक पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख प्रभाकर सिंहले बताउनुभयो । “२०८४ असार मसान्तसम्म म्याद थप गरिएको छ”, उहाँले भन्नुभयो । रासस

SOS CHILDREN'S VILLAGES

## बोलपत्र सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८३/१/९

एसओएस बालग्राम नेपालद्वारा सञ्चालित समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम, गणेशमान चारनाथ नगरपालिका का लागि विस्तृत सूचनामा उल्लेख भए बमोजिमका सामग्री आपूर्ति सम्बन्धी कार्य गर्न स्वीकृति प्राप्त इच्छुक विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरूले सानोठिमी, भक्तपुर स्थित एसओएस बालग्राम नेपालको राष्ट्रिय कार्यालय वा सम्बन्धित परियोजनाको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस लिंकमा जानुहोसः www.sosnepal.org.np/notice

# पूर्वाधार निर्माणलाई गति दिन विमानस्थल राति सात घण्टा बन्द हुने

काठमाण्डु । पूर्वाधार निर्माणलाई थप गति दिन आगामी जेठ ४ गतेसम्म त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल दैनिक सात घण्टा बन्द हुने भएको छ। विमानस्थलको टर्मिनल व्यवस्थापन महाशाखा प्रमुख इन्दुराज अधिकारीका अनुसार ‘पेभमेन्ट कन्स्ट्रक्सन वर्क’ कार्यका लागि राति ११:४५ देखि बिहान ६:३० बजेसम्म विमानस्थलको उडान तथा अवतरण बन्द हुनेछ ।

विमानस्थलको धावनमार्गको छेउमा रहेको ट्याक्सीवेमा निर्माण जारी छ। सुरक्षाका



दृष्टिकोणले रातको समयमा विमानस्थल पूर्ण रूपमा बन्द गरिन लागिएको हो ।




निर्माणलाई गति दिन विमानस्थल बन्द गरिने विमानस्थल कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ । सूचनाअनुसार विमानस्थल बन्द हुँदा त्यसबाट पर्न जाने असरलाई न्यूनीकरण गर्न आवश्यकताअनुसार उडान तथा अवतरणको कार्यतालिका निर्धारण गर्न हवाई सेवा प्रदायकलाई विमानस्थल कार्यालयले आग्रह गरेको छ । रासस



## ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना

(प्रकाशन मितिः २०८३/०१/०९)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित सदस्यहरुले ऋण लिनु भएकोमा ऋण लिँदाका बखत गरेका कर्जा तमसुक बमोजिम तिर्नु बुझाउनुपर्नेमा नबुझाई कर्जाको शर्त तथा सम्झौताहरु उल्लंघन गर्नुभएकोमा पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत ऋण नियमित वा चुक्ता गर्ने तर्फ कुनै चाँसो नदेखाई कर्जा चुक्ता गर्न आलटाल गरी बसेको हुनाले यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा आई आफुले तिर्नुबुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर समेत तोकिएको म्याद भित्र चुक्ता गर्नुहोला । अन्यथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट कर्जा असुल गरिनेछ, साथै उक्त धित्तोहरुबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणी सदस्यको एकाघर संगोल परिवारको वा जमानतकर्ताको नाममा रहेको चलअचल सम्पती तथा अन्य जायजेथा सम्पतीबाट संस्थाको विनियम, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम कर्जा असुल उपर गरी लिने तथा ऋणी सदस्य र जमानीकर्ताहरुलाई कलो सूचीमा समावेश ९द्यबिअप ीष्कतषलन० गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गराइन्छ ।

| ऋणी सदस्यको नाम तथा विवरण | ऋणीका फोटो | ज्मानतकर्ताको नाम तथा विवरण | जमानतकर्ताको फोटो | सुरक्षण लेखी दिएको घरजग्गा |
|---|---|---|---|---|
| नामः सुलेखा कुमारी यादव<br>श्रीमान्ः विरेन्द्र कुमार यादव<br>बुबाः योगानन्द यादव<br>ससुराः विन्देश्वर गदी यादव<br>ना.प्र.प.नं.ः ६००१/३६९/७८९, सिराहा<br>ठेगानाः इनर्वा ५, सिराहा<br>हालको ठेगानाः लहान न.पा. ६, सिराहा |  | नामः विरेन्द्र कुमार यादव<br>श्रीमतीः सुलेखा कुमारी यादव<br>बुबाः विन्देश्वर गदी यादव<br>बाजेः अच्छे गदी यादव<br>ना.प्र.प.नं.ः ७६२८२१३५, सिराहा<br>ठेगानाः राजपुर ७, सिराहा<br>हालको ठेगानाः लहान न.पा. ६, सिराहा |  | ऋणी सुलेखा कुमारी यादवको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा लहान नगरपालिकाको लहान बजार ४क कित्ता नं. १०६९ को क्षेत्रफल ०-०-७.५-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः सितली देवी साफी<br>श्रीमान्ः सहदेव साफी धोवी<br>बुबाः मोहिती साफी धोवी<br>ससुराः सिताराम साफी<br>ना.प्र.प.नं.ः २२८३/१५ सिराहा<br>ठेगानाः पिप्रा प्र ध -०२, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा |  | नामः सहदेव साफी धोवी<br>श्रीमतीः सितली देवी साफी<br>बुवाः सिताराम साफी<br>ना.प्र.प.नं.ः ३६९४/२७०/८४२<br>ठेगानाः पिप्रा प्र ध -०२, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०१, सिराहा |  | ऋणी सितली देवी साफी को नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा पिप्रा प्र ध. वार्ड न.०२ कित्ता नं. ७४० को क्षेत्रफल ०(-०-(५, जिल्ला सिराहा गा बि. स. पिप्रा प्र ध वार्ड न.०२ को कित्ता नं. ७०६ को क्षेत्रफल ०-०-१५ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत। |
| नामः सग्यान बती यादवनी<br>श्रीमान्ः मधुरी यादव<br>बुबाः ठकन यादव<br>ससुराः नेवा यादव<br>ना.प्र.प.नं.ः(५७८६०७८४, सिराहा<br>ठेगानाः महेशपुर -०३, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०३ |  | नामः बेचु यादव<br>बुबाः मधुरी यादव<br>बाजेः नेवा यादव<br>ना.प्र.प.नं.ः ६६५१४/५७८६२०६४, सिराहा<br>ठेगानाः महेशपुर -०३, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०३ |  | ऋणी सग्यान बती यादवनीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा गा.बि.स. महेशपुर हरिनगर-वार्ड न.०५ को कित्ता नं. १४९ को क्षेत्रफल ०-१०-११ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः बिन्देस्वर साहु सुडी<br>श्रीमतीः राम कुमारी साह<br>बुबाः योगेन्द्र साह<br>बाजेः नन्दु साह<br>ना.प्र.प.नं.३८२, सिराहा<br>ठेगानाः सितापुर-५,<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०६, सितापुर |  | नामः राम कुमारी साह<br>बुबाः दुखी साह सुडी<br>ससुरोः योगेन्द्र साह<br>ना.प्र.प.नं.ः १५३०११/५०६,सिराहा<br>ठेगानाः सितापुर-०५, सिराहा<br>हालको ठेगानाः लक्ष्मीपुर पतारी-०६, सिराहा |  | ऋणी बिन्देस्वर साहु सुडी को नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा सितापुर प्र ध -०५ को कित्ता नं. १३८८, १३८५, ९०६ को क्षेत्रफल ०-०-१, ०-०-१.५,०, ०-०-२.५० जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः सुद्धी ठाकुर<br>बुबाः अवधि ठाकुर बरही<br>बाजेः वरेसपैत ठाकुर<br>ना.प्र.प.नं.ः ५८४२६८४, सिराहा<br>ठेगानाः मझौरा ९, सिराहा<br>हालको ठेगानाः नवराजपुर गापा २, सिराहा |  | नामः पलट शर्मा<br>बुबाः सुद्धी ठाकुर<br>बाजेः अवधि ठाकुर बरही<br>ना.प्र.प.नं.ः २३०३७/८१, सिराहा<br>ठेगानाः मझौरा ९, सिराहा<br>हालको ठेगानाः नवराजपुर गापा २, सिराहा |  | ऋणी सुद्धि ठाकुरको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा सोठियाइन ६ को कित्ता नं. ७६१, ७४३, ७४८ को क्षेत्रफल त्रमश ०-३-१६, ०-२-१६.५, ०-३-५ र सोठियाइन ६ख को कित्ता नं. ६९६ को क्षेत्रफल ०-२-१३ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः पशुपती यादव<br>श्रीमतीः- सुनिता देवी यादव<br>बुबाः महेन्द्र प्रसाद यदाव<br>बाजेः- नेवा लाल यादव<br>ना.प्र.प.नं.ः(५२६०८००७, सिराहा<br>ठेगानाः सखुवाननकारकट्टी-०५, सिराहा |  | | | ऋणी पशुपति यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा सीतापुर प्र ध ४ क को कित्ता न. २५०, २५३, २५७. २५९ र ८ को कित्ता न. ५५३ को क्षेत्रफल ०-४-१०.५, ०-०-८, ०-१-३.५ , ०-१-१०, ०-२-०, को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामः-रामपरी यदवनी<br>श्रीमान ः-मुगा लाल यादव<br>बुवाः-सीता राम यादव<br>ससुराः-चिरंजी लाल यादव<br>न.प्र.न.ः-१५४७१३६८, सिराहा<br>ठेगानाः-बरियारपट्टी-०४ सोहपुर |  | | | ऋणी रामपरी यदवनीको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा सिग्राही मटियर्वा १ क को कित्ता न. १३१० को क्षेत्रफल ०-१-०, को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नाम ः-चन्द्रशेखर यादव<br>श्रीमतीः-राम दुलारी देवी यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.ः-२८०,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | नाम ः-पवन कुमार यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.ः-७०/२२७,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | ऋणी चन्द्रशेखर यादव को नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा महदेवा पोर्ताहा ३क को कित्ता न. ६०२ को क्षेत्रफल ०-१८-१० र जिल्ला सिराहा महदेवा पोर्ताहा ३क को कित्ता न. ५९१ को क्षेत्रफल ०-०-१९ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नाम ः-पवन कुमार यादव<br>श्रीमतीः-पिंकी कुमारी यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.ः-७०/२२७,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | नाम ः-चन्द्रशेखर यादव<br>बुवाः-रुद्रनारायण यादव<br>बाजेः-अनुप लाल यादव<br>न.प्र.न.ः-२८०,सिराहा<br>ठेगानाः-सखुवानन्कारकट्टी-०२,सोठियाइन |  | ऋणी पवन कुमार यादव को नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा महदेवा पोर्ताहा ४ को कित्ता न. ७७,७९,८६को क्षेत्रफल ०-१-८,०-०-१४,०-३-१६र जिल्ला सिराहा महदेवा पोर्ताहा ३ को कित्ता न. १००१,६०५को क्षेत्रफल ०-२-१३,०-२-१६ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नाम ः- फेकु यादव<br>बुवाः-रास लाल यादव<br>बाजेः-बुनी लाल यादव<br>न.प्र.न.ः-१८३/३,सिराहा<br>ठेगानाः-लक्ष्मीपुरपतारी-०३,महेशपुर |  | नाम ः-सितल प्रसाद यादव<br>श्रीमतीः- अमर कला यादव<br>बुवाः-रास लाल यादव<br>बाजेः-बुनी लाल यादव<br>न.प्र.न.ः-३५५,सिराहा<br>ठेगानाः-लक्ष्मीपुरपतारी-०३,महेशपुर |  | ऋणी फेकु यादव को नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सिराहा गा.बि.स.महेशपुर हरिनगर ९ को कित्ता न. ३९६को क्षेत्रफल १-६--१५ को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |

**जन उत्थान बचत तथा ऋण सहकारी संस्था लि.**
लहान ३, सिराहा
०३३-५६५४८८

# सरकारविरुद्ध पत्रकारको चरणबद्ध आन्दोलन



**टुडे समाचारदाता**

वीरगञ्ज । सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने सरकारको निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले देशव्यापी आन्दोलन घोषणा गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको उक्त निर्णय प्रेस स्वतन्त्रता, संविधानको भावना र खुला बजार अर्थनीति विपरीत रहेको ठहर गर्दै महासंघले दबाबमूलक अभियान सुरु गरेको जनाइएको छ ।

यसअघि चैत २३ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा ज्ञापन पत्र बुझाउँदा पनि कुनै ठोस प्रतिक्रिया नआएपछि महासंघले चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो । महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिअनुसार वैशाख ९ गते प्रदेश समितिहरूले मुख्यमन्त्रीहरूसँग छलफल गर्ने कार्यक्रम तय गरिएको छ ।

वैशाख १० गते बिहान १० बजे देशभरका जिल्ला शाखामार्फत प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाइने छ भने दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी धारणा सार्वजनिक गरिने छ। त्यसैगरी, वैशाख ११ गते सबै सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धतामार्फत विरोध जनाउन आह्वान गरिएको छ र सोही दिन बिहान ८ बजे सामाजिक सञ्जालमार्फत व्यापक विरोध प्रदर्शन गरिने जनाइएको छ ।

आन्दोलनकै क्रममा वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालासँग छलफल गर्ने र वैशाख १५ गते नगरपालिका सङ्घ तथा गाउँपालिका महासङ्घ मार्फत स्थानीय तहहरूलाई सङ्घीय सरकारको निर्णय अवज्ञा गर्न आग्रह गर्दै ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको छ ।

महासङ्घले यी कार्यक्रमबाट पनि माग सम्बोधन नभए थप कडा आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ ।

# माग सम्बोधनको आश्वासनपछि कर्ण अनसन स्थगित

**कर्णले आइतबारदेखि विभिन्न पाँच बुँदे माग अघि सार्दै अनसन सुरु गरेका थिए । समयसँगै उनको स्वास्थ्य अवस्था कमजोर बन्दै गएपछि राष्ट्रिय मानव अधिकार आयोग को पहलमा सरकार र आन्दोलनकारीबीच संवादको वातावरण बनेको थियो । सोही क्रममा मन्त्री तिवारी अनसनस्थलमै पुगेर मागहरूबारे चरणबद्ध रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि कर्णले आन्दोलन रोकेका हुन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । गत तीन दिनदेखि आमरण अनसनमा बसेका सामाजिक अभियन्ता तथा पत्रकार धर्मेन्द्र कुमार कर्णले अन्ततः आफ्नो अनसन स्थगित गरेका छन् ।

मंगलबार साँझ जनक चोकमा पुगेर मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले माग सम्बोधन गर्ने आश्वासन दिएपछि उनले अनसन स्थगित गरेका छन । मन्त्री तिवारीले उनलाई जुस खुवाउँदै अनसन तोडाएका हुन ।



कर्णले आइतबारदेखि विभिन्न पाँच बुँदे माग अघि सार्दै अनसन सुरु गरेका थिए । समयसँगै उनको स्वास्थ्य अवस्था कमजोर बन्दै गएपछि राष्ट्रिय मानव अधिकार आयोग को पहलमा सरकार र आन्दोलनकारीबीच संवादको वातावरण बनेको थियो । सोही क्रममा मन्त्री तिवारी अनसनस्थलमै पुगेर मागहरूबारे चरणबद्ध रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि कर्णले आन्दोलन रोकेका हुन् ।

मन्त्री तिवारीले कर्णका उठाएका विषयहरूलाई सरकारले गम्भीरतापूर्वक लिएको बताइन् । उनले प्रदेश सरकारबाट सम्बोधन गर्न सकिने विषयहरू तत्काल प्रक्रिया अघि बढाइने र संघीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने मागहरूका लागि समेत आवश्यक पहल गरिने जानकारी दिइन् । साथै उनले कर्णको स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै जीवन र स्वास्थ्यभन्दा माथि कुनै पनि आन्दोलन नहुने धारणा राखिन् ।

अनसन स्थगित गरेपछि कर्णले आफ्नो अभियान व्यक्तिगत स्वार्थका लागि नभई प्रणाली सुधारको उद्देश्यले सुरु गरिएको स्पष्ट पारे । उनले सरकारबाट पहिलोपटक औपचारिक रूपमा आश्वासन प्राप्त भएको भन्दै यसलाई सकारात्मक संकेतका रूपमा लिएको प्रतिक्रिया दिए ।

उनले अघि सारेका मागहरूमा शिक्षा क्षेत्रको सुधार, माध्यमिक तहको गुणस्तर अभिवृद्धि, आर्थिक लागत घटाउने उपाय तथा निजी क्षेत्रलाई सहज वातावरण निर्माण गर्ने विषय समावेश थिए । यसबाहेक, नेपाल वान टेलिभिजनसँग सम्बन्धित नीतिगत विषयहरूको छानबिन, गुनासो व्यवस्थापन प्रणाली सुधार र धार्मिक स्थलसँग सम्बन्धित जग्गा दर्ता समस्याको समाधान पनि उनका प्राथमिक एजेन्डामा रहेका थिए ।

अनसन सुरु भएको पहिलो दिन नै सुरक्षाकर्मीहरूले उनलाई नियन्त्रणमा लिएका थिए । तर कानुनी आधार स्पष्ट नदेखिएपछि सोही रात रिहा गरिएको थियो, त्यसपछि उनले पुनः अनसन जारी राखेका थिए ।

पत्रकार कर्ण लामो समयदेखि सञ्चार क्षेत्रमा सक्रिय रहँदै आएका छन् । उनले विभिन्न राष्ट्रिय सञ्चारमाध्यममा काम गरिसकेका छन् र नेपाल पत्रकार महासंघ का पूर्व सचिवसमेत भइसकेका छन् ।

# बिहीवारसम्म ताँतो हावा 'लू' चल्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा सहित मधेश प्रदेशका विभिन्न जिल्लामा मंगलवार अत्यधिक गर्मी बढेसँगै जनजीवन प्रभावित बनेको छ । प्रदेशमा अधिकतम ४० डिग्री सेल्सियससम्म तापकक्रम पुगेको थियो ।

जनकपुरधाममा ३९ डिग्री सेल्सियस तापक्रम मापन भने वीरगञ्जको तापक्रम ४० डिग्री सेल्सियससम्म मापन गरिएको थियो । चर्को घामसँगै तातो हावा (लू) चल्दा सर्वसाधारणको दैनिक जीवन कष्टकर बनेको छ ।

खासगरी बालबालिका, वृद्धवृद्धा, मजदुर र साना व्यवसायीहरू सबैभन्दा बढी प्रभावित भएका छन् । गर्मीका कारण श्रमिक र सडक व्यवसायीहरू दिनभर काम गर्न नसक्ने अवस्थामा पुगेका छन् भने ग्राहकको चहलपहल घट्दा आम्दानीमा समेत असर परेको छ । सडक किनारका ठेला तथा पसल व्यवसायीहरू दिउँसोको चर्को घाममा बस्न कठिनाइ भोगिरहेका छन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार तराई क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने सम्भावना छ र तातो हावा चल्ने क्रम जारी रहनेछ । अत्यधिक गर्मीबाट बच्न पर्याप्त पानी पिउने, झोलिलो पदार्थ सेवन गर्ने, दिउँसो घरबाहिर ननिस्कने तथा हल्का र खुकुलो कपडा लगाउने जस्ता सावधानी अपनाउन स्वास्थ्यकर्मीहरूले आग्रह गरेका छन् । उनीहरूले बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीलाई विशेष ध्यान दिन समेत सुझाव दिएका छन् ।

यसैबीच जल तथा मौसम विज्ञान विभागले बिहीबारसम्म तराईका केही जिल्लामा लु चल्ने सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । विभागका मौसमविद् विनु महर्जनका अनुसार पूर्वी भूभागमा शनिबारसम्म र पश्चिम क्षेत्रमा अझै केही दिन बढी तातो रहने सम्भावना छ ।

मधेश प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सिन्धुली र उदयपुरलगायत जिल्लामा 'अद्यावधिक रहनु' स्तरको चेतावनी दिइएको छ । तातो हावा र उच्च तापक्रमका कारण थकान, अत्यधिक तिर्खा लाग्ने, टाउको दुख्ने, आँखामा पोल्ने, चक्कर आउने तथा बेहोस हुने जस्ता समस्या देखिन सक्ने विभागले जनाएको छ ।

# निर्माण कम्पनी सम्पर्कविहीन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको नवलपुर-मलङ्वा सडक निर्माण कार्य अधुरै छाडेर भारतीय निर्माण कम्पनी सम्पर्कविहिन रहेका छन् ।

जिल्लाको हरिपुर नगरपालिका-४, लक्ष्मीपुरमा वर्षौंदेखि भारतीय निर्माण कम्पनीका सवारीसाधन र सामग्री केवल बेवारिसे अवस्थामा छाडेर सम्पर्कविहीन रहेका छन् । करिब १३ वर्षअघि नवलपुर-मलङ्वा सडक निर्माणको जिम्मा लिएको थियो ।



सडक छेउमै अलपत्र अवस्थामा रहेका आठ वटा टिप्पर खिया लागेर प्रयोगविहीन भइसकेका छन् । तर समस्या केवल गाडीमा सीमित छैन । ती सवारीसाधन र निर्माण सामग्रीले ओगटेको जग्गा प्रयोगविहिन भएका कारण स्थानीय किसान मारमा परेका छन् ।

स्थानीयका अनुसार गिट्टी, बालुवा र अन्य निर्माण सामग्री थुपारिएपछि खेतीयोग्य जमिन वर्षौंदेखि बाँझो बनेको छ । यसले कृषिमा निर्भर परिवारहरूको आयस्रोत ठप्प पारेको छ । हरिपुर नगरपालिकाका पूर्व नगरप्रमुख जमिरुद्दिन मन्सुरका अनुसार कम्पनीले प्रयोग गरेको साढे तीन बिघा जमिनको करिब ५० लाख रुपैयाँभन्दा बढी भाडा अझै उठ्न सकेको छैन ।

"अदालतबाट फैसला आए पनि कार्यान्वयन नहुँदा झन् निराशा बढेको छ," उनले बताए । उनका अनुसार जमिनमा थुप्रिएको सामग्रीका कारण पुनः खेती गर्नसमेत कठिन भएको छ ।

यस्तै समस्या अन्य स्थानीयले पनि भोगिरहेका छन् । लालबन्दी - ६ स्थित रामछविला आयल स्टोरका सञ्चालक पवन शाहले पनि कम्पनीलाई दिएको इन्धन बापत करिब २५ लाख रुपैयाँ अझै नपाएको गुनासो गरे । "प्रशासनदेखि राजदूतावाससम्म धाएँ, तर कतैबाट न्याय पाइएन," उनले भने, "अब त रकम पाउने आश नै मरेजस्तै भइसकेको छ ।"

स्थानीय होटल व्यवसायी, खुद्रा पसले तथा निर्माण सामग्री आपूर्तिकर्ताहरू पनि उधारो रकम नउठ्दा आर्थिक संकटमा परेका छन् । वर्षौंदेखि रोकिएको भुक्तानीका कारण कतिपय साना व्यवसायी ऋणको चपेटामा परेका छन् भने केहीले व्यवसाय नै बन्द गर्नुपरेको अवस्था रहेको उनीहरू भनाई छ ।

यसैबिच हुलाकी सडक आयोजना निर्देशनालय, योजना कार्यालय जनकपुरका सूचना अधिकारी एवं इन्जिनियर रन्जित यादवले प्रारम्भिक ठेक्का सम्बन्धी अभिलेख स्पष्ट नभएको स्वीकार गरेका छन् । उनका अनुसार सुरुमा सडक निर्माण भारतीय सरकारको लगानीमा भएको र निर्माण कम्पनी पनि भारतीय भएकाले पुराना विवरण कार्यालयसँग उपलब्ध छैनन् । "पछि सरकारले नयाँ ठेक्का लगाएर सडक कालोपत्रे सम्पन्न गरेको हो," उनले भने, "भिस्वा कन्स्ट्रक्सनका सवारीसाधन लक्ष्मीपुर र बाराको पिलुवामा पनि अलपत्र छन्, तर त्यसको पनि आधिकारिक रेकर्ड छैन ।"

स्थानीय बासिन्दा र नागरिक समाजका अनुसार निर्माण कम्पनीले ढिलासुस्ती गर्दा सडक क्षेत्रमा धुलो, प्रदूषण र असुविधा बढेको थियो । पटक-पटक दबाब दिँदा पनि कम्पनीले काम पूरा गर्न नसकेको र अन्ततः सामग्री तथा सवारीसाधन छाडेर फर्किएपछि यहाँका व्यवसायी र जग्गाधनीको आर्थिक क्षति अझै समाधान हुन सकेको छैन ।

सरकारी निकायको कमजोर समन्वय, अस्पष्ट अभिलेख र प्रभावकारी पहलको अभावका कारण पीडितहरू अझै न्यायको प्रतीक्षामा छन् । स्थानीयको भनाइमा, सरकारले सक्रिय रूपमा हस्तक्षेप नगरेसम्म न त जग्गा फिर्ता हुने सम्भावना छ, न त वर्षौंदेखि रोकिएको रकम नै उठ्ने देखिन्छ ।

# २६ महिनादेखि कर्मचारीले पाएन तलब

**टुडे समाचारदाता**

जनकपुरधाम । आन्तरिक विवादका कारण बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कर्मचारीहरुले गत २६ महिनादेखि तलब भत्ता पाएको छैन ।

परिषद्मा विवादै विवाद र अदालती मुद्दा मामिलाका कारण कर्मचारीहरु गत २६ महिनादेखि तलब भत्ता पाउन नसकेको बुझिएको छ । लामो समयदेखि तलब भत्ता नपाएपछि कर्मचारीलाई दैनिक जीवनसहित घरपरिवार चलाउन मुश्किल भएको छ ।

बृहतर जनकपुर विकास परिषद्मा नियम विपरीत परिषद् को खाता सञ्चालन, अध्यक्ष र कार्यकारी निर्देशकबीचको विवाद, अदालतमा मुद्दाहरु विचाराधीन, नियमविपरीत कर्मचारी भर्ना, सामान खरिदमा भ्रष्टाचारजस्ता बेथितिको चाङ्ग नै रहेका छन् ।



कार्यकारी निर्देशक वैद्यनाथ पासवानको हस्ताक्षर किर्ते गरेको आरोपमा प्रहरी बहालवाला अध्यक्ष शितल साहलाई पक्राउ गरी मुद्दासमेत चलाएको थियो । त्यसैगरी मुल्यांकन भन्दा २१ लाख बढीमा दुईवटा घुम्ती शौचालय खरिद गरी भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतले हालै परिषद् का अर्का पूर्वअध्यक्ष शालीग्राम सिंहलगायत ६ जनालाई दोषी ठहर गरेको छ ।

तलब र नियुक्तिका विषयमा कर्मचारी र अध्यक्षबीच पटक पटक विवाद हुँदै आएका कारण ऐतिहासिक सम्पदाको संरक्षण र सम्बर्द्धनका लागि २७ वर्षअघि स्थापना भएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अस्तव्यस्त बनेको छ ।

धनुषा, महोत्तरीसहितका जिल्लाहरूमा रहेका मठ मन्दिरलगायत मिथिला मध्यमा परिक्रमा क्षेत्रभित्र रहेका ऐतिहासिक पुरातात्विक र सांस्कृतिक स्थलहरूको संरक्षण तथा विकास गर्न २०५५ सलमा स्थापना भएको थियो ।

२०४७ सालमा स्थापना भएको परिषद्मा कार्यकारी निर्देशकदेखि कार्यालय सहयोगीसम्म कार्यरत २३ जनामध्ये भ्रष्टाचारको आरोपमा चारजना निलम्बनमा परेका छन् भने तीनजना सेवा निबृत्त भइसकेका छन् ।

# पोखरीको ठेक्का विवाद

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको पूर्वी भेगस्थित वृन्दावन नगरपालिकाविरुद्ध एक ठेकेदारले आफूलाई योजनाबद्ध रूपमा फसाउन खोजिएको आरोप लगाएका छन् ।

नगरपालिका-८ बहुअरीस्थित श्री नमुना माध्यमिक विद्यालय बरगजवाको करिब ४ बिघा ४ कठ्ठा क्षेत्रफलमा फैलिएको पोखरी ठेक्कामा लिएका गरुडा नगरपालिका-७ गेडही गुठीका परीक्षण सहनी (राजकुमार सहनी) ले सम्झौताअनुसार काम गर्न नदिइएको गुनासो गरेका हुन् ।



सहनीका अनुसार २०७८ जेठ ३ गते तत्कालीन नगरप्रमुख रामासिनेही यादव र वडा नम्बर ८ का अध्यक्ष दिनानाथ महतोको कार्यकालमा उक्त पोखरी डाक बढाबढ प्रक्रियामार्फत पाँच वर्षका लागि ५६ लाख रुपैयाँमा ठेक्का लगाइएको थियो । उनले पहिलो किस्ताबापत ११ लाख ३० हजार रुपैयाँ बुझाएर माछापालन सुरु गरेका थिए ।

तर २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनपछि नयाँ नेतृत्व आएपछि अवस्था झन् जटिल बनेको सहनीको दाबी छ । निर्वाचनबाट नगरप्रमुखमा बिनोद प्रसाद कुर्मी र वडा अध्यक्षमा रविन्द्र (उपेन्द्र) साह निर्वाचित भए पनि पोखरी मर्मत तथा पानी व्यवस्थापनमा चासो नदिँदा व्यवसाय प्रभावित भएको उनले बताएका छन् ।

"पानी नै नभएको पोखरीमा कसरी माछा पाल्ने?" भन्दै उनले पटक-पटक पोखरी छोड्न निवेदन दिँदा समेत दर्ता नगरिएको आरोप लगाएका छन् । उनका अनुसार व्यवस्थापन सुधारतर्फ कुनै पहल नभएकोले अवस्था झन् बिग्रँदै गएको छ ।

सहनीले प्रारम्भमा पोखरीमा राखिएको भूरा माछा केही ठूलो हुँदै गइरहेको अवस्थामा २०८० चैत २८ गते पानीको सतह घटेपछि माछा निकाल्ने क्रममा वडा अध्यक्ष साहको अगुवाइमा बलपूर्वक माछा बिक्री गरिएको तर त्यसबाट आएको रकम आफूले नपाएको दाबी गरेका छन् ।

यता, नगरपालिकाले उल्टै ठेकेदार सहनीविरुद्ध अदालतमा मुद्दा दायर गर्नुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडामा समेत उजुरी परेको उनले बताएका छन्।"पहिलो किस्ताको रकमसमेत उठाउन सकेका छैनौं, उल्टै बाँकी ४५ लाख तिर्नुपर्ने भन्दै मुद्दा हालिएको छ," उनले गुनासो गरेका छन् ।

मंगलबार पोखरीको डिलमै आयोजित पत्रकार सम्मेलनमा सहनीसहित पीडित पक्षले आफूहरूले बुझाएको रकम फिर्ता गराउन र निष्पक्ष न्याय दिलाउन माग गरेका छन्। कार्यक्रममा स्थानीयवासीहरूले पनि नगरपालिकाले अनावश्यक रूपमा ठेकेदारलाई दबाबमा पार्न खोजेको आरोप लगाएका थिए ।

यस विषयमा पूर्व वडा अध्यक्ष दिनानाथ महतोले पनि पोखरीमा पानीको चरम अभाव रहेको स्वीकार गर्दै पछिल्लो तीन वर्षदेखि पोखरी प्रायः सुक्खा अवस्थामा रहेको बताएका छन्। "पानी नै नभएको अवस्थामा ठेकेदारले कसरी उत्पादन गर्ने र कहाँबाट रकम तिर्ने?" भन्दै उनले सम्बन्धित निकायले स्थलगत अनुगमन गरेमा वास्तविकता स्पष्ट हुने धारणा राखेका थिए ।

पत्रकार सम्मेलनमा ठेकेदार सहनीसँगै वडा नम्बर ८ का सञ्जय यादव, महेन्द्र साह, बिरेन्द्र यादव, सिकिन्द्र यादव तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिकिन्द्र यादवलगायतको उपस्थिति रहेको थियो ।

# बाताबरणीय परिक्षण प्रतिवेदनमा चासो

**टुडे समाचारदाता**

बारा । डिभिजन वन कार्यालय बाराले जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिकाको बाताबरणीय परिक्षण प्रतिवेदनप्रती चासो देखाएको छ । कार्यालयले जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिकालाई पत्रचार मार्फत वातावरणीय परिक्षन विना वा वातावरणीय परिक्षनको कार्यान्वयन बिना भइरहेको ढुङ्गा, गिट्टी र बालुवा उत्खननप्रति गम्भीर चासो व्यक्त गरेको हो ।

आएको जनगुनासोलाई मध्यनजर गरी नदीजन्य पदार्थ ढुङ्गा ,गिटी ,बालुवा संकलन तथा उत्खनन् प्रती चासो ब्यक्त गरेको हो । वन क्षेत्रभित्र नदीजन्य पदार्थ उत्खनन गर्नुअघि अनिवार्य रूपमा वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउनुपर्ने स्पष्ट ब्यवस्था रहेको छ ।

वन कार्यालयले विशेषगरी संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण नगरी कुनै पनि उत्खनन कार्य सञ्चालन नगर्न कडा रूपमा सचेत गराएको छ। त्यस्ता प्रतिवेदनहरू सम्बन्धित निकायबाट स्वीकृत भएपछि मात्र उत्खनन गर्न पाइने व्यवस्था रहेको पत्रमा उल्लेख गरिएको छ ।

कार्यालयका अनुसार 'ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७' ले वन तथा चुरे क्षेत्रबाट जथाभावी उत्खननमा रोक लगाएको छ। अत्यावश्यक अवस्थामा समेत स्वीकृत वातावरणीय प्रतिवेदनको आधारमा मात्र उत्खनन गर्न मिल्ने प्रावधान रहेको जनाइएको छ ।

यसैगरी, राष्ट्रिय वन क्षेत्रभित्र पर्ने यस्ता आयोजनाहरूको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने अधिकार मधेश प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयसँग रहने स्पष्ट पारिएको छ ।

त्यसैले स्थानीय तहहरूले प्रतिवेदन तयार पारेर सम्बन्धित मन्त्रालयबाट स्वीकृति लिनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । डिभिजन बन कार्यालय डिभिजनल वन अधिकृत सुजीत कुमार झाले हस्ताक्षर पत्रमा स्वीकृत प्रतिवेदनको मापदण्ड अनुसार मात्र कार्य अघि बढाउन र कुनै अन्योल भएमा वन कार्यालयसँग समन्वय गर्न आग्रह गरिएको छ ।


**हाँसौं: स्वस्थ रहौं ।**

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरुसंग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरुलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

हाँसौं र हँसाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८